
जनप्रतिनिधिले गलत काम गरे छानबिन समिति... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २५ • अंक १६१ • २०७९ साल कार्तिक २० गते आइतबार (6 November, Sunday, 2022) • पृष्ठ ८ • मूल्य रु. ५।-




## महासेठलाई कारबाहीको निर्णय

**टुडे समाचारदाता**

जनकपुरधाम । निर्वाचन आयोग मधेश प्रदेशले धनुषा निर्वाचन क्षेत्र नम्वर ४ का प्रतिनिधिसभा सदस्य उम्मेदवार रघुवीर महासेठलाई कारबाहीका लागि सिफारिस गरिने भएको छ।

महासेठले निर्वाचनको मुखमा मतदातालाई प्रभावित गर्न साडी बाँडेको भन्दै जनकपुर टुडेमा समाचार प्रकाशन भएपछि उनलाई कारबाहीको लागि सिफारिस गर्ने निर्णय गरिएको छ।

निर्वाचन क्षेत्र नम्बर-४ का प्रतिनिधिसभा सदस्यको


निर्वाचन क्षेत्र नम्बर ४ का प्रतिनिधि सभा सदस्यको ने.क.पा. एमालेका उम्मेदवार रघुविर महासेठ, प्रदेश सभा सदस्य ४(१) का ने.क.पा. एमालेका उम्मेदवार संतोष यादव तथा क्षिरेश्वरनाथ नगरपालिकाका नगर प्रमुख उपस्थित भई छठ पर्वको उपलक्ष्यमा निर्वाचन आचारसंहिता विपरित महिलाहरुलाई साडी बाँडेको सम्बन्धमा जनकपुर टुडे पत्रिकाले प्रकाशन गरेको समाचार र विभिन्न सामाजिक संजालहरुबाट सोको तस्वीर समेत प्राप्त भएको हुँदा आवश्यक कारवाहीको लागि पत्रिकाको कटिङ्ग र फोटो सहित निर्वाचन आयोगमा लेखी पठाउने ।

एमालेका उम्मेदवार महासेठ, प्रदेशसभा सदस्य ४ (क) का एमालेका उम्मेदवार सन्तोष यादव तथा क्षीरेश्वरनाथ नगरपालिकाका नगरप्रमुख सुखदेव यादव उपस्थित भइ छठ पर्वको अवसरमा निर्वाचन आचारसंहिता विपरीत महिलाहरुलाई साडी बाँडेको सम्बन्धमा प्रकाशित भएका समाचार तथा सोको तस्विरसमेत प्राप्त भएकोले आवश्यक कारबाहीका लागि निर्वाचन आयोगमा पत्र पठाइएको जिल्ला आचारसंहिता अनुगमन समितिको संयोजकसमेत रहेका मुख्य निर्वाचन अधिकृत ब्रजेश प्याकुरेलले जानकारी दिए।

महासेठले गत कात्तिक १५ गते जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर-१९ जमुनियामा मतदातालाई साडी वितरण गरेबापत नेकपा एमाले र आफ्नो पक्षमा मतदान गर्न आग्रह गरेका थिए।

जिल्ला आचारसंहिता अनुगमन समितिको बैठकले निर्वाचन प्रचारप्रसारको महत्वपूर्ण अवधिमा जिल्लाभित्र रहेका विभिन्न सहकारी, गैर सरकारी संस्थालगायत अन्य संघसंस्थाहरुको साधारणसभा भइरहेको र सो सभाका नाममा आचारसंहिता विपरीतका विभिन्न गतिविधिहरु हुनसक्ने सम्भावना रहेको र सो कारणले निर्वाचनको सुरक्षासमेतमा असर पर्नसक्ने सम्भावनालाई दृष्टिगत गरी हाललाई मंसिर ४ गतेसम्म त्यस्ता कार्यक्रमहरु स्थगन गर्न लगाउन सबै पालिकाका प्रमुख प्रशासकीय अधिकृतहरुलाई निर्देशन दिइएको मुख्य निर्वाचन अधिकृत प्याकुरेलले जानकारी दिए।

### जसपाको प्रतिबद्धतापत्र सार्वजनिक

# कांग्रेस पूँजीवादी उदारवादी र कम्युनिष्ट अवसरवादी

**टुडे समाचारदाता**

काठमाण्डु । जनता समाजवादी पार्टी नेपालले मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा चुनावका लागि आफ्नो प्रतिबद्धता पत्र सार्वजनिक गरेको छ।

प्रतिबद्धतापत्रमा पार्टीले संविधान संशोधन, परिमार्जन तथा पुनर्लेखनको आवश्यकता औंल्याएको छ । पहिचान र सामर्थ्यको आधारमा राज्य पुनर्संरचना, शासकीय स्वरूप, निर्वाचन प्रणाली तथा न्याय प्रणालीमा परिवर्तन आवश्यक रहेको जिकिर गरिएको छ।

पार्टीले प्रतिबद्धतापत्रमा समानुपातिक निर्वाचन प्रणालीको आधारमा सबै तहको निर्वाचन गर्नुपर्ने उल्लेख गरेको छ । त्यस्तै शासकीय स्वरुपमा कुनै पनि व्यक्ति दुई कार्यकालभन्दा बढी कार्यकारी प्रमुख हुन नपाउने व्यवस्था गर्ने तथा कार्यकारी राष्ट्रपतिले समावेशी रूपमा सक्षम व्यक्तिहरूको छनोट गरेर मन्त्रिपरिषद् बनाउने उल्लेख गरेको छ।

प्रतिबद्धतापत्रको प्रस्तावनामा नै कांग्रेसलाई सर्वसत्तावादीको आरोप लगाएको छ । नवउदारवादी पूँजीवादी व्यवस्थाको रक्षालाई नै आफ्नो ध्येय ठान्ने कांग्रेसको राजनीतिक चरित्र सत्ता प्राप्ति रहेको आरोप जसपाले लगाएको छ। सत्ताको बलमा शक्ति आर्जन गर्ने, शक्ति स्रोतमाथि आफ्नो आधिपत्य जमाउने र त्यो आधिपत्यका लागि राजनीतिक अस्थिरता निम्त्याई रहेको आरोप जसपाको छ।

कांग्रेसले नै संविधानलाई पूर्णता दिन कुनै पहल नगरेको आरोप जसपाले लगाएको छ।




नेपालको संविधान कांग्रेस, एमाले, माओवादी केन्द्रले बहुमतको बलमा जारी गरेको दाबी गर्दै जसपाले संविधानमा ती दलहरूले पहिचान र सामर्थ्यका आधारमा राज्य पुनर्संरचना गर्ने आफैले घोषणा गरेका तथा पहिलो संविधानसभाले पारित गरेका पुनर्संरचनाका आधारहरूलाई उल्टाएको आरोप लगाएको छ।

शासकीय स्वरूपमा परिवर्तन, संघीय संरचनाहरूको निर्माण, न्याय प्रणालीलाई संघीय स्वरूपमा पुनर्संरचना गर्ने, संवैधानिक निकायलाई बलियो बनाउन, जनलोकपाल जस्ता निकायहरूको गठन गर्ने, उत्पीडित समुदायको हक, अधिकार र पहिचानलाई सुनिश्चित गर्ने लगायतका कार्य गर्न संविधान संशोधन अपरिहार्य रहेको उल्लेख गर्दै जसपाले संविधान संशोधन अहिलेको मुख्य संघर्ष रहेको प्रतिबद्धतापत्रमा उल्लेख गरेको छ।

नेपालमा साम्यवादी विचारधारा, पूँजीवादी विचारधारा तथा राजतन्त्रात्मक विचारधारासहित तीन विचारधाराको पार्टी रहेको उल्लेख गर्दै जसपाले आफ्नो प्रतिबद्धतापत्रमा यी विचारधारा असफल भएको कारण जसपाले समाजवादी गणतन्त्रलाई राजनीतिक गन्तव्य बनाएको जिकिर गरेको छ।

जसपा नेपाल र अन्य दलबीच देशको राज्य पुनर्संरचना, शासकीय स्वरूप, व्यवस्थापकीय ढाँचा, न्यायपालिकामाथिको दृष्टिकोण, प्रदेशको सीमांकन र नामांकन, संघ र प्रदेशबीच क्षेत्राधिकारको बाँडफाँटलगायतका विषयमा फरक दृष्टिकोण रहेको कुरा आफ्नो प्रतिबद्धतापत्रमा उल्लेख गरेको छ।

विकास योजनाहरू तर्जुमा गर्दा तीव्र आर्थिक वृद्धिका साथै समतामूलक समाज निर्माण गर्न जोड दिने र यसका लागि पाँच वर्ष, १० वर्ष र २५ वर्षको योजना तर्जुमा गर्ने अहिलेको प्रतिबद्धतापत्रमा उल्लेख गरेको छ।

त्यस्तै, कुल गार्हस्थ उत्पादनको ५० प्रतिशत स्थिर पूँजीको रूपमा विकास गर्ने, पाँच वर्षमा निरन्तर दुई अंकको आर्थिक वृद्धि हासिल गर्ने र प्रति व्यक्ति आय पाँच वर्ष हजार डलर पुऱ्याउने तथा पाँच वर्षभित्र निरपेक्ष गरिबीको रेखामुनि रहेका जनतालाई गरिबीबाट मुक्त गर्ने र बहुआयामिक गरिबीको अनुपातलाई एकल अंकमै सीमित गर्ने प्रतिबद्धतापत्रमा उल्लेख छ।

परम्परागत निर्वाहमुखी कृषि अर्थतन्त्रलाई आधुनिक आत्मनिर्भर औद्योगिक अर्थतन्त्रमा प्रवर्द्धन गर्न कृषिमा आधारित उद्योगको विकासलाई प्राथमिकता दिने जसपाले प्रतिबद्धतापत्रमा उल्लेख गरेको छ। कृषिको वैज्ञानिकीकरण, यान्त्रिकीकरण र व्यवसायीकरण गर्नुको साथै कृषि फार्महरूको विकास गरी दुई वर्षभित्र खाद्य पदार्थहरूमा आत्मनिर्भर हुने प्रतिबद्धता जसपाले जनाएको छ।

चालु सिँचाइ योजनाहरूको प्रभावकारी कार्यान्वयन गर्ने तथा पाँच वर्षभित्र सुनकोशी-कमला, भेरी-बबई, कर्णाली लगायत ठूला नदीहरूबाट पानी डाइभर्सन गरी देशैभरि सिँचाइ सुविधा पुऱ्याउने नीति लिने जसपाको प्रतिबद्धतापत्रमा उल्लेख छ र गरिबीलाई पाँच वर्षभित्र मुक्त गर्ने प्रतिबद्धता जनाइएको छ।

जसपाले पाँच वर्षभित्र निरपेक्ष गरिबीको रेखामुनि रहेका जनतालाई गरिबीबाट मुक्त गर्ने र बहुआयामिक गरिबीको अनुपातलाई एक अंकमै सीमित गर्ने प्रतिबद्धता जनाइएको छ।

एक गाउँ, एक उत्पादनको नीति लागु गरी कृषि उत्पादन बढाउनुको साथै पालिकाभर कृषिबाली बीमा अभियान सञ्चालन गरी प्रकोपजन्य अवस्थाबाट हुने बाली नोक्सानीको सोध भर्नाको प्रबन्ध गरिने जसपाको प्रतिबद्धतापत्रमा उल्लेख छ।

दुई वर्षभित्र कृषि विकासका लागि नेपालमा रासायनिक मल कारखाना खोल्ने उल्लेख गर्दै जसपाले पाँच वर्षभित्र सुनकोशी-कमला, भेरी-बबई, कर्णाली लगायत ठुला नदीहरूबाट पानी डाइभर्सन गरी देशैभरि सिँचाई सुविधा पुऱ्याउने प्रतिबद्धता जनाएको छ । त्यस्तै, दुई वा दुई भन्दा किसानको संलग्नतामा चक्लाबन्दी गरी सहकारी खेती गर्ने किसानलाई राज्यले प्रोत्साहित गर्ने पनि जसपाले प्रतिबद्धता जनाएको छ।

स्थायी लेखा (प्यान) मा आधारित कारोबारको थ्रेसहोल्ड २० लाखबाट ५० लाख रुपियाँ पुऱ्याउने र साना व्यापारी व्यवसायीहरूको लेखा प्रणाली तथा व्यवसाय नवीकरणलाई सहज र सरल बनाउने प्रतिबद्धतापत्रमा जसपाले उल्लेख गरेको छ। पाँच वर्षभित्र ऊर्जा शक्तिमा आत्मनिर्भर हुने नीति अवलम्बन गरी जलविद्युतलाई निर्यातको मुख्य उत्पादन बनाई आगामी पाँच वर्षमा १० हजार मेगावाट विद्युत् उत्पादन गर्ने जसपाले जनाएको छ।

गरिबीको रेखामुनि रहेका जनतालाई घरेलु खपतमा निःशुल्क ऊर्जा सुविधा उपलब्ध गराउनुको साथै विद्युतीय सुरक्षाका लागि सहर बजारमा प्रवाहित हुने सम्पूर्ण विद्युत् प्रसारण लाइन भूमिगत रूपमा जडान गर्ने जसपाको प्रतिबद्धतापत्रमा उल्लेख छ । देशभित्रै रोजगारी सृजना गर्नका लागि सहरी क्षेत्रमा रोजगार बैंकको स्थापना र शिक्षित बेरोजगारलाई शैक्षिक प्रमाणपत्र धितो राखी स्वरोजगार व्यवसाय गर्न प्रोत्साहित गर्नुको साथै जसपाले बेरोजगार नागरिकलाई भत्ताको व्यवस्था गर्ने प्रतिबद्धता पत्रमा उल्लेख गरेको छ।







# १५ शैय्याको आँखा अस्पताल

टुडे समाचारदाता

राजविराज । राजविराजमा अत्याधुनिक प्रविधि र सुविधासहितको पन्ध्र शैय्याको नयाँ सगरमाथा आँखा अस्पताल प्रा.लि.संचालनमा आएको छ।



उक्त अस्पतालको राजविराज नगरपालिकाकी कार्यवाहक प्रमुख ईसरव प्रवीणले उद्घाटन गरेकी छन् ।

सो अवसरमा उनले अत्याधुनिक प्रविधिसहित पूर्ण स्वचालित उपकरण र विशेषज्ञहरुको टोलीबाट एकै थलोमा आँखा सम्बन्धी सबै खाले रोगको उपचार सेवा उपलब्ध हुनु यस भेगका जनताका लागि अति खुशीको कुरा भएको बताइन ।

'अस्पतालमा आँखा सम्बन्धी सबै खाले रोगको विशेषज्ञ चिकित्सक टोली तथा प्रविधियुक्त मेसिनबाट सस्तो र स्तरीय उपचार सेवा प्रदान गरिने अस्पतालका प्रबन्धक अफाक अनवरले बताए।

आफूले विगत एक दशकदेखि विराटनगर र काठमाण्डु स्थित विभिन्न आँखा अस्पतालमा यही पेशा अँगालेको अनुभवले यस्तो आँट गरेको उनले बताए। भिजन परीक्षण, मोतियाबिन्दु, जलबिन्दु, कोर्नियल अल्सर, मेडिकल रेटिना, अकुल प्लाष्टि, आँखाको नानी प्रत्यारोपणदेखि आँखाको जटिल प्रकृतिका सबैखाले शल्यक्रिया र रोगको उपचार यस अस्पतालमा गरिने उनले बताए।

उनले अस्पतालमा विराटनगर आँखा अस्पतालका पूर्व निर्देशक तथा वरिष्ठ नेत्र रोग विशेषज्ञ डा.संजय कुमार सिंह, तिलगंगा आँखा प्रतिष्ठान काठमाण्डुका वरिष्ठ नेत्र रोग विशेषज्ञ डा.रोहित सैजु र डा. गोविन्द पौडेल सहितको चिकित्सक टोलीले नियमित उपचार सेवा प्रदान गर्ने जानकारी दिए।

अस्पतालले नेत्र विशेषज्ञको अभावलाई पूर्ति गर्न नेपाल तथा भारतको नेत्र चिकित्सकको लागि फेलोसिप प्रोग्राम तथा पारामेडिकलका लागि प्राथमिक लेभलको 'आँखा स्वास्थ्य कार्यकर्ता' जस्ता छोटो अवधिको तालिमहरु संचालन गरेर जनशक्ति उत्पादनमा जोड दिने गुरुयोजनासमेत तयार पारेको जनाइएको छ।

# राजनीतिबाट हामी टाढा किन?

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेशका स्थानीय तहका राजनीतिक दलहरुसँग एक दिने कार्यशाला कार्यक्रम सम्पन्न गरिएको छ।




यौनिक तथा लैंगिक अल्पसंख्यक महासंघ र ब्लू डायमण्ड सोसाइटी नेपालद्वारा आयोजित कार्यक्रमकममा सहभागी यौनिक तथा लैंगिक अल्पसंख्यकहरुले आफूहरुलाई राजनीतिक रुपमा विभेद गरिएको प्रति राज्यसंग प्रश्न गरेका छन्।

उनीहरुले नेपालको संविधानले लैंगिकताको आधारमा मात्रै होइन, कुनै पनि आधारमा कसैलाई भेदभाव गर्न नपाइने भनिए पनि आफूहरुलाई राजनीतिबाट टाढा किन राखिएको प्रश्न गरे

संविधानले राज्यका निकायमा अन्य वर्ग, क्षेत्र र समुदायलाई जस्तै यौनिक तथा लैंगिक अल्पसंख्यकको समावेशी प्रतिनिधित्वको समेत व्यवस्था गरेको छ। तर, यौनिक तथा लैंगिक अल्पसंख्यकहरूले राज्यका निकायमा समावेशी सहभागिताको अवसर त पाएका छैनन् नै, मताधिकारसमेत सहज नभएको उनीहरुले समस्या राखे।

कार्यक्रममा राजनीतिक प्रतिनिधित्व,आगामी निर्वाचन उत्पादन योगदान बारे , राजनीतिक नेताहरु संग विभिन्न दल जस्तै नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले), लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), जनमत पार्टी, नेपाल कम्युनिष्ट पार्टी (समाजवादी) ,नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), तराई मधेश लोकतान्त्रिक पार्टी (तमलोपा) , जनता समाजवादी पार्टी (जसपा) जस्ता विभिन्न् पार्टीका राजनीतिक नेताहरुसँगको अन्तरक्रिया गरिएको थियो।

कार्यक्रममा ब्लू डायमण्ड सोसाइटीका अध्यक्ष पिंकी गुरुङले आफ्नो पहिचानसहितको नागरिकता पाउन नै संघर्ष गर्नुपर्ने र राजनीतिकमा पनि पक्षपात गरिएको बताए।

नागरिकता नै नभएपछि मताधिकार र राजनीतिक त टाढैको कुरा भयो। त्यसमाथि नागरिकता पाएर पनि हाम्रो लागि मताधिकार सहज नभएको उनले बताए।

त्यसो त यौनिक तथा लैंगिक अल्पसंख्यकहरूको हकमा पनि संवैधानिक व्यवस्था गर्नेमा नेपाल तेस्रो मुलुकमा पर्छ। तर, संविधानमै सम्बोधन भए पनि यौनिक तथा लैंगिक अल्पसंख्यकको अधिकार भने अझैसम्म सुनिश्चित भइसकेको छैन।

अहिलेसम्म नागरिकता र मताधिकारसमेत नभएकै कारण शिक्षा, स्वास्थ्य र रोजगारीजस्ता आधारभूत अधिकारका लागि समेत संघर्ष गर्नुपरिरहेको अध्यक्ष गुरुङको भनाइ थियो।

यौनिक तथा लैंगिक अल्पसंख्यकका लागि मतदाता नामावलीमा नाम भए पनि मत खसाल्न जाँदा थप कठिनाइ बेहोर्नुपर्छ । 'मतदान केन्द्रमा पुरुष र महिलाको लागि लाइन हुन्छ, अल्पसंख्यकको लागि हुदैनउनीले भने त्यसकारणले नामावलीमा नाम भए पनि हामीले लाइन लागेर मतदान गर्ने अवस्था रहदैन। उम्मेदवारी दिन पाउने अवस्था त भनै छैन।

कार्यक्रममा विभिन्न पार्टीका आवद्ध प्रतिनिधिहरुले यौनिक तथा अल्पसंख्यक व्यक्तिहरूले भोगिरहेका समस्याका बारेमा जानकारी गराउदै विस्तारै समाजले सम्मान दिने सुरू गर्छन भने धार्मिक रुपमा ,भाषारुपमा,जातीय रुपमा ,पहिचान र पार्टीहरुमा अवसर दिने विश्वास र पहल निरन्तरता दिन आवश्यकतामा जोड दिइएको थियो।

# 'निर्वाचन आचारसंहिता पालना गर्न आग्रह'

सिकेन्द्र पासवान

कलैया। प्रमुख निर्वाचन अधिकृत पुर्णेश्वर प्रसाद उपाध्यायले निर्वाचन आचारसंहिता भित्र रहेर समाचार प्रसारण गर्न आग्रह गरेका छन्। कलैयामा निर्वाचनमा सञ्चारमाध्यमको भूमिका विषयक मिडिया अभिमुखीकरण कार्यक्रममा उनले कसैको मानहानी हुने गरी र एक पक्षीय रुपमा समाचार संप्रेषण नगर्न आग्रह समेत गरे।



आचारसंहिता उल्लंघन गर्ने जो कोहीलाई पनि कानूनी दायरामा ल्याउन आफूहरु बाध्य हुने उपाध्यायले बताए। भर्किलो प्रचार प्रसार गर्न, फजुल खर्च गर्न र उम्मेदवारको निर्वाचन चिह्न अंकित लगाउने भेष्ट, टोपी, सर्ट, ज्याकेट लगायतका सामग्रीहरु उपयोग नगर्न नगराउन सम्वद्ध सबै पक्षलाई अनुरोध गरे।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी कृष्ण बहादुर कटुवालले भयरहित वातावरणमा मतदान गर्न स्थलसम्म आउनलाई शान्ति सुरक्षाको भरपुर व्यवस्था रहेको हुँदा निर्धक्क भएर आफूलाई मन परेका उम्मेदवारलाई मतदान गर्न आग्रह गरे।

मिडिया आफैमा एउटा सशक्त माध्यम भएको हुँदा विभिन्न पार्टीबाट भएका उम्मेदवार हरुले आचारसंहिताको पालना नगरेको र निर्वाचनलाई प्रभावित पार्ने जस्ता कामहरु गर्ने गरेको समाचारहरु संप्रेषण गरी सचेत गराउनतर्फ पत्रकारहरुको भूमिका अपरिहार्य रहेको बताउँदै भारतीय गाडीहरुको प्रयोग निर्वाचनमा कुनै पनि बहानामा हुन नदिन सुरक्षा निकाय प्रतिबद्ध रहेको प्रष्ट पारे।

# देउवालाई जति पटक प्रधानमन्त्री बनाए पनि देशमा केही हुँदैन : अध्यक्ष लिङ्देन

टुडे समाचारदाता

काठमाण्डु । राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले कांग्रेस सभापति शेरबहादुर देउवालाई जति पटक प्रधानमन्त्री बनाए पनि देशलाई कुनै फाइदा नहुने टिप्पणी गरेका छन् । 'पाँच पटक प्रधानमन्त्री हुँदा देशलाई केही गर्न नसकेका देउवालाई छैठौंपटक प्रधानमन्त्री बनाएर के हुन्छ ?,' उनले प्रश्न गरे, 'पाँचपटक प्रधानमन्त्री भइसक्दा पनि देउवाका कारण देश र जनताले के पाए र उनलाई फेरि मत हाल्ने हो ?'




कावासोतीको डण्डामा आयोजित राप्रपाको चुनावीसभामा शनिबार बोल्दै अध्यक्ष लिङ्देनले प्रधानमन्त्रीको परीक्षणमा देउवा असफल भइसकेको बताए । उनले मंसिर ४ गते मत परिवर्तन गरेर राप्रपालाई मत दिन आग्रह गरे । माओवादी र कांग्रेसको गठबन्धनबाट देशले मुक्ति चाहेको र त्यसको नेतृत्व गर्न आफ्नो दल आएकाले निर्धक्कसँग हलोमा मतदान गर्न उनले अपिल गरे।

कांग्रेस र कम्युनिष्टहरुले विगत ३० वर्षको अवधिमा देशलाई बेरोजगार उत्पादन गर्ने थलो बनाएको उनले आरोप लगाए। 'रोजगारीको अवसर छैन। युवा विदेशिएका छन् । किसानले चाहिँदा मल बिउ पाउँदैनन्,' उनले भने, 'राप्रपाले अवसर पाए ती सबै समस्याको सामाधान गर्छ।'

उनले एमाले र राप्रपाको तालमेलले देशलाई अग्रगमनमा लैजाने दाबी गरे । 'एमाले र राप्रपाबीच प्रतिस्पर्धा हुने अवस्था देख्छु म,' उनले भने, 'यो पटकको निर्वाचनमा पटक-पटक परीक्षणमा असफल भइसकेका कांग्रेस र कम्युनिष्टलाई मत दिएर पछुताउनेबाहेक काम हुँदैन।'

उनले निर्वाचन र शासकीय प्रणालीमा आमुल परिवर्तन नगरेसम्म देशमा विकास नहुने ठोकुवा गरे । मान्छेले मान्छेको भोट खरिद बिक्री बन्द नगरेसम्म देशमा परिर्वतन नहुने उनको दाबी थियो । कस्तो निर्वाचन प्रणाली र शासकीयस्वरुप चाहिने भन्ने उनले प्रस्ट बोलेनन्।

# ३० वर्षदेखि बन्द कृषि औजार कारखाना सञ्चालनको तयारीमा आविष्कार केन्द्र

टुडे समाचारदाता

वीरगञ्ज। ३ दशकदेखि बन्द रहेको वीरगञ्जस्थित कृषि औजार कारखाना पुनः सञ्चालनमा आउने भएको छ । राष्ट्रिय आविष्कार केन्द्रको प्राविधिक टिमले कारखाना सञ्चालनको तयारी गरेको छ।



आविष्कार केन्द्रको १६ जना प्राविधिक टिमले ४ दिनदेखि कारखानामा दैनिक १२ देखि १६ घन्टा खटेर पुराना मेसिन सरसफाइ गर्ने, चल्नसक्ने र फाल्नुपर्ने मेसिनहरु छुट्याउने, विद्युतीकरणको अवस्था र कारखाना सञ्चालनका लागि तत्काल लाग्ने लागतको विषयमा प्रारम्भिक अध्ययन सुरु गरेको छ। असोज ११ गते नेपाल सरकार र राष्ट्रिय आविष्कार केन्द्रबीच भएको सम्झौताका आधारमा कारखाना सञ्चालनको सम्पूर्ण जिम्मा सरकारले राष्ट्रिय आविष्कार केन्द्रलाई दिने निर्णय गरेको हो।

सोही सम्झौता अनुसार आविष्कार केन्द्रले कारखानाको अवस्थाबारे २ साताभित्र सरकारलाई प्रतिवेदन बुझाउने र सोही आधारमा काम अगाडि बढाउने जनाएको छ।

'अहिले हामी प्रारम्भिक काममा छौं, अहिले कारखाना के कस्तो अवस्था छ ? मेसिन सञ्चालन गर्न मोटामोटी खर्च कति लाग्छ ? चल्ने खालका र फाल्नुपर्ने मेसिनहरु के के छन् ? त्यसको लगत निकालेर करिब २ हप्ताभित्र एउटा रिपोर्ट सरकारलाई बुझाउँछौं र त्यो रिपोर्टको आधारमा केही दिन सरकारको निर्देशन कुर्छौं र निर्देशन आउन ढिलो भयो भने दोस्रो चरणमा ठुला मेसिनहरु पुरै खोलेर सरसफाइ गर्ने काम सुरु गर्छौं' आविष्कार केन्द्रका प्रमुख महावीर पुनले भने।

# 'जनतामाझ विश्वास लिएर जान्छौं'

चितवन । लोकतान्त्रिक वाम-गठबन्धनका तर्फबाट चितवन क्षेत्र नं ३ मा उम्मेदवार बनेका नेताले जनताकामाझ विश्वास लिएर जाने बताएका छन् । आज यहाँ पत्रकारसँगको अन्तर्क्रियामा प्रतिबद्धतापत्र र जनताको विश्वासका आधारमा निर्वाचन जित्ने उहाँहरूले दाबी गर्नुभएको हो। नेकपा माओवादीका तर्फबाट चितवन क्षेत्र नं ३ प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार डा भोजराज अधिकारीले किसानको धान थन्काउने समय भएकाले निर्वाचनमा माहोल बन्न कठिन भएको बताउनुभयो।

निर्वाचनका लागि पार्टीको वडा तहबाट समेत कार्यक्रम सञ्चालनमा ल्याइएको उहाँको भनाइ थियो। चितवन क्षेत्र नं ३ लोकतान्त्रिक वाम-गठबन्धनको राम्रो क्षेत्र भएकाले जीत सुनिश्चित भए पनि अझै मेहनत आवश्यक रहेको उहाँले बताउनुभयो। डा अधिकारीले भन्नुभयो, "राजनीतिक पाटीभित्र अनुशासन र जनताको विश्वासले निर्वाचत परिणाम आउनेछ।"

गठबन्धनबाट प्रदेश ३ (१) का उम्मेदवार बन्नुभएका प्रा डा सूर्यकान्त घिमिरेले दलभित्रको अनुशासन नै मुख्य करिडोरका रूपमा रहेको बताउनुभयो। निर्वाचनमा मतदाता कता जान्छन् भन्ने कुरा सञ्चारमाध्यमका हातमा रहेकाले लोकतान्त्रिक वाम-गठबन्धनका पक्षमा सहयोग गर्न उहाँले आग्रह गर्नुभयो।

क्षेत्र नं ३ (२) का उम्मेदवार ठाकुर ढकालले देश रुपान्तरणका लागि वाम-गठबन्धन आवश्यक रहेको बताउनुभयो। जनताको हित र संविधान, लोकतन्त्रको रक्षाका लागि गठबन्धनको जीत आवश्यक रहेको उहाँको भनाइ थियो। कार्यक्रममा जिल्ला नेताहरूले आम नेता कार्यकर्तामा पार्टीको अनुशासनभित्र रहन अपिलसमेत गरेका छन् । नेपाली कांग्रेस चितवनका सभापति राजेश्वर खनालले विषम परिस्थितिमा गठबन्धन बनेकाले यसलाई जोगाउनु कांग्रेस नेता तथा कार्यकर्ताको भूमिका महत्वपूर्ण हुने बताउनुभयो।

व्यक्तिगत स्वार्थभन्दा पनि लोकतन्त्र र संविधानको रक्षाका लागि बनेको गठबन्धन भएकाले गठबन्धनको मर्मभन्दा बाहिर गएर काम गर्न नसकिने उहाँको भनाइ छ। माओवादी केन्द्रका जिल्ला संयोजक रामचन्द्र अधिकारीले माओवादीभित्रका समस्या समाधान भइसकेकाले निर्वाचनमा लाग्न सबैलाई आग्रह गर्नुभयो। पार्टीभित्रका नेता कार्यकर्ताबीचको एकताले निर्वाचनलाई अघि बढाउँदै गएको उहाँको भनाइ छ।रासस

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : नयाँ कार्य हुने। |
| बृष | : अवसर प्राप्त। |
| मिथून | : पारिवाहिक सुख। |
| कर्कट | : बौद्धिक क्षमता। |
| सिंह | : पुरस्कार प्राप्त लाभ। |
| कन्या | : सुख समृद्धि हुने। |
| तुला | : शिक्षामा उन्नति। |
| बृश्चिक | : वाद विवादबाट बच्नु। |
| धनु | : भ्रमण अवसर हुने। |
| मकर | : प्रतिभा सम्पन्नता। |
| कुम्भ | : धन बृद्धि सञ्चय। |
| मीन | : प्रेम प्रसंग, मित्र सुख। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



निर्वाचन आचार सङ्घीयतालाई ढजिया उडाउँदै सप्तरीको राजविराजको मुटुमै रहेका गजेन्द्र चोकमा झुन्डियाएको विभिन्न दलका चुनाव प्रचार । यो चोक मधेसका स्व नेता गजेन्द्रनारायण सिंहको नामबाट स्थापना गरिएको छ । *तस्बिर :रासस*

# डा. झा र मेयर बालेन साहलाई २४ घण्टाभित्र स्पष्टीकरण पेश गर्न निर्देशन

**टुडे समाचारदाता**

काठमाण्डु । निर्वाचन आयोगले रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानका कार्यकारी निर्देशक डा. रञ्जित कुमार झालाई २४ घण्टाभित्र स्पष्टीकरण पेश गर्न निर्देशन दिएको छ। डा. झाले सप्तरी जिल्ला क्षेत्र नं. २ बाट प्रतिनिधि सभा सदस्यका उम्मेदवार उपेन्द्र यादव प्रचारप्रसार गरेको देखिएको छ।

निर्वाचन आचारसंहिता,२०७९ को दफा ७ को खण्ड (क) अनुसार नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह अन्तर्गतका निकाय, अर्धसरकारी तथा सार्वजनिक संस्था र सोमा कार्यरत कर्मचारीले कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न हुँदैन भन्ने व्यवस्था छ। स्पष्टीकरणमा भनिएको छ, ‘ उल्लिखित सन्दर्भमा तपाईंले दलका उम्मेदवारको प्रचारप्रसारमा संलग्न हुनुभएको कार्यले निर्वाचन आचारसंहिता,२०७९ र प्रचलित सार्वजनिक सेवा सम्बन्धी कानून समेतको उल्लंघन हुन्छ, हुँदैन ? तपाईंबाट उक्त कार्य भएको भए किन कानून बमोजिम कारवाही हुनु नपर्ने हो ?’

यता, निर्वाचन आयोगले काठमाण्डु महानगरपालिकाका प्रमुख बालेन्द्र शाहलाई हाम्रो नेपाली पार्टीका विभिन्न निर्वाचन क्षेत्रका उम्मेदवारहरूले ‘जय लौरो’ नामक फेसबुक पेज समेतबाट प्रमुख शाहको समर्थन रहेको भनी गरेको प्रचारप्रसारबारे स्पष्ट पार्न भनेको छ।

देशको राजधानी शहर समेत रहेको महानगरपालिकाको नगर प्रमुखमा स्वतन्त्र उम्मेदवारको रुपमा निर्वाचित भई कार्यभार सम्हालेको अवस्थामा उक्त दलसँग कुनै आवद्धता नै रहे भएको जस्तो गरी शाहको तस्बिर र नाम निरन्तर प्रयोग भइरहेको विषयमा आयोगले ध्यानाकर्षणसहित पत्र पठाएको हो।

‘निर्वाचन आयोग नेपालले कुनै पनि तवरबाट निर्वाचनको स्वच्छता र निष्पक्षता कायम रहोस् भनी सदैव चासो राख्दछ। संविधान र प्रचलित निर्वाचनसँग सम्बन्धित कानूनको आधारमा निर्वाचन सम्पन्न गर्ने क्रममा ऐन कानूनको परिकल्पना भन्दा बाहिरका उपायहरू प्रविधिमार्फत अवलम्बन गरी निर्वाचन कानून बाहेकका कानूनको उल्लंघन हुनसक्ने विषयमा समेत आयोग सचेत छ ।’ आयोगको स्पष्टीकरणमा भनिएको छ, ‘उल्लेखित सन्दर्भमा हाम्रो नेपाली पार्टीसँग यहाँको कुनै कानूनी सम्बन्ध रहेको भन्ने आयोगमा रहेको उक्त दलको अभिलेखबाट नदेखिएको अवस्थामा सोही तथ्यमा विश्वस्त हुँदै पत्र प्राप्त भएको दुई दिनभित्र जवाफ उपलब्ध गराइदिन अनुरोध छ।’

आयोगले शालाई इन्जिनियर अनन्तराज घिमिरे अध्यक्ष रहेको हाम्रो नेपाली पार्टीसँग तपाईंको कुनै आवद्धता छ, छैन ?, हाम्रो नेपाली पार्टीसँग कुनै दलगत आवद्धता छैन भने उक्त दलले तस्बिर र नाम प्रयोग गरी आफ्नो दल र उम्मेदवारहरूको मत निरन्तर मागिरहेको देखिएकोले सो कार्य गर्न कुनै व्यक्त वा अव्यक्त सहमति छ, छैन ? भनेरस्पष्ट पार्न भनिएको छ।

# आचारसंहिताको उल्लङ्घन गर्ने एक दर्जन सवारीसाधन प्रहरीको नियन्त्रणमा

**टुडे समाचारदाता**

जनकपुरधाम । आगामी मङ्सिर ४ गते हुने निर्वाचनको प्रचारप्रसारमा आचारसंहिताको उल्लङ्घन गरेको भन्दै स्थानीय प्रशासनले उम्मेदवारहरूको एक दर्जन सवारीसाधन नियन्त्रणमा लिएको छ।

धनुषाको निर्वाचन क्षेत्र नम्बर-३ का लागि नेकपा (एमाले)बाट प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार जुलीकुमारी महतो, प्रदेशसभा ३ (१) का उम्मेदवार जितेन्द्रकुमार यादव, प्रदेशसभा ३(२) का उम्मेदवार दीपेन्द्र ठाकुर, धनुषा-३ का सत्तारुढ गठबन्धनको तर्फबाट प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार अनिल झा, ३ (१) का प्रदेशसभा सदस्य पदका उम्मेदवार रामसरोज यादवलगायत अन्य उम्मेदवारहरुले ब्यानर झुण्ड्याएको करिब एक दर्जन सवारीसाधन धनुषा प्रहरीले नियन्त्रणमा लिएको छ।

आचारसंहिताविपरीत सवारीसाधनमा ठूला-ठूला ब्यानर झुण्ड्याएको, अत्यधिक ध्वनी प्रदूषण हुने गरी डिजेमा प्रचारप्रसार गरेकोलगायत गतिविधि गरेकोले नगरभित्रका विभिन्न चोकबाट नेपाली तथा भारतीय नम्बरप्लेटका सवारीसाधन नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रदीपबहादुर क्षेत्रीले बताए।

थप अनुसन्धान गर्न मुख्य निर्वाचन अधिकृतको कार्यालयको जिम्मा लगाइएको उहाँले जानकारी दिनुभयो। मुख्य निर्वाचन अधिकृत ब्रजेश प्याकुरेलले उक्त घटनाबारे अनुसन्धान सुरु भएको र निर्वाचन आयोगले यसअघि कात्तिक १२ गते पनि धनुषा-३ का उम्मेदवार महतोलाई २४ घण्टे स्पष्टीकरण सोधेको थियो । महतोले आफ्नो तस्वीरसहितको फ्लेक्स अटो रिक्साको पछाडि राखेको भन्दै आयोगले स्पष्टीकरण सोधेको थियो।

# आयोगबाट तोकिएको मापदण्डका आधारमा सम्पर्क कार्यालय खोल्नुपर्ने



काठमाण्डु। आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनका लागि राजनीतिक दल तथा उम्मेदवारले निर्वाचन आयोगबाट तोकिएको मापदण्डका आधारमा सम्पर्क कार्यालय खोल्नुपर्ने छ।

आयोगले सोका लागि यसअघि सात बुँदे निर्देशन दिइसकेको छ । निर्देशनानुसार प्रतिनिधिसभा सदस्य निर्वाचन प्रणालीतर्फ प्रतिनिधिसभा सदस्य पदको उम्मेदवारले आफ्नो निर्वाचन क्षेत्रमा प्रदेश निर्वाचन क्षेत्रलाई समेट्ने गरी बढीमा तीनवटा सम्पर्क कार्यालय खोल्न र प्रदेशसभा सदस्य निर्वाचन प्रणालीतर्फ प्रदेशसभा सदस्य पदको उम्मेदवारले एक सम्पर्क कार्यालय खोल्न सक्नेछन्।

प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य समानुपातिकतर्फ बन्दसूचीमा उम्मेदवारी पेश गरेका दलले प्रतिनिधिसभा सदस्यको निर्वाचन क्षेत्रमा एक सम्पर्क कार्यालय खोल्न सक्ने र माथिका प्रकरण नं १, २ र ३ बमोजिम कार्यालय स्थापना गर्दा सम्भव भएसम्म एउटै स्थान प्रयोग गर्न आयोगले निर्देशन दिएको छ।

प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्यतर्फ उम्मेदवारी दिई निर्वाचन चिन्ह प्राप्त गरिसकेपछि त्यस्ता उम्मेदवारले अन्य कुनै उम्मेदवारलाई समर्थन गरेको भएमा त्यस्ता उम्मेदवारले सम्पर्क कार्यालय स्थापना गर्न नपाउने र प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि घर भाडामा लिई सम्पर्क कार्यालय स्थापना गरेको भएमा त्यस्तो घरको घरभाडा उम्मेदवारको निर्वाचन खर्चमा समावेश गर्नुपर्ने आयोगको निर्देशनमा उल्लेख छ।

राजनीतिक दल वा उम्मेदवारले सम्पर्क कार्यालय स्थापना गरेको जानकारी निर्वाचन अधिकृतको कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र जिल्ला निर्वाचन कार्यालयमा तुरुन्त उपलब्ध गराउनुपर्छ।

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ५७ मा आयोगले संविधान र प्रचलित कानुनको अधिनमा रही दलले गर्ने काम कारबाही सञ्चालन गर्दा पालना गर्नुपर्ने विषयका सम्बन्धमा आयोगले आवश्यक निर्देशन दिन सक्नेछ।

सोही दफाको उपदफा (२)मा उपदफा(१) बमोजिमको निर्देशन पालना गर्नु प्रत्येक दलको कर्तव्य हुने कानुनी व्यवस्था रहेको छ।

निर्वाचन आचारसंहिता, २०७९ को दफा १३ को उपदफा (१)को (म)मा उम्मेदवारको अन्तिम नामावली प्रकाशन भएपछि मतदान हुने दिनभन्दा सत्र दिनअघि (कात्तिक १७ गते)देखि निर्वाचन प्रचार-प्रसारसम्बन्धी जुलुस, आमसभा, कोणसभा गर्न, सञ्चारमाध्यममा कुनै प्रकारको प्रचार-प्रसार सामग्री प्रकाशन वा प्रसारण गर्न नहुने व्यवस्था रहेको छ।रासस

# मधेश प्रदेशमा मुख्यमन्त्रीदेखि जनप्रतिनिधिसम्मवाट आचारसंहिता उल्लंघन

**टुडे समाचारदाता**

जनकपुरधाम । निर्वाचन आयोगले निर्वाचन आचारसंहितामा कडाइ गरेकोप्रतिक्रिया दिइरहँदा मधेश प्रदेशका जिल्लाहरूमा मुख्यमन्त्री, मन्त्री, राजनीतिक दल र तिनका उम्मेदवारले आचारसंहिताको धज्जी उडाउँदै निर्वाचन प्रचारप्रसारमा हिँडिरहेका छन् । आगामी ४ मंसिरमा हुने निर्वाचनमा यस प्रदेशका मुख्यमन्त्री, मन्त्री, स्थानीय तहका पदाधिकारी तथा विभिन्न राजनीतिक दलहरू आचारसंहिता विपरीत खुलेआम रूपले प्रचारप्रसारमा घुमिरहेका छन्। तर, निर्वाचन आयोग भने टुलुटुलु हेरेर बसेको छ।

दलका नारा जुलुस र सभामा मुख्यमन्त्री, मन्त्री, उम्मेदवार र नेताहरू एक अर्कालाई गाली सहित मतदाता तान्न चर्का भाषण ठोकिरहेका छन् । मधेस प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले नै आचारसंहिता विपरीत आफ्नो निर्वाचन क्षेत्रबाहेकको मुस्लिम बाहुल्य क्षेत्रमा सभा सम्मेलन तथा घरदैलोमा सहभागी हुँदै आएका छन्।

जबकि आगामी मंसिर ४ गते हुने प्रतिनिधि तथा प्रदेशसभा सदस्यको निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय, भयरहित एवं मितव्ययी ढंगले सम्पन्न गराउन निर्वाचन आयोगबाट जारी निर्वाचन आचारसंहिता, २०७९ ले नेपाल सरकार वा प्रदेश सरकारको मन्त्री अथवा स्थानीय कार्यपालिकाका पदाधिकारीले निर्वाचन प्रचारप्रसारमा संलग्न हुँदा पालना गर्नुपर्ने आचरणहरूको स्पष्ट व्यवस्था गरेको छ।

आचारसंहिताको दफा ५ को खण्ड (क) ले नेपाल सरकार, प्रदेश सरकार तथा नेपाल सरकार वा प्रदेश सरकारका मन्त्री र स्थानीय कार्यपालिका तथा सोका पदाधिकारीले निर्वाचन प्रचारप्रसारका क्रममा पालना गर्नुपर्ने आचरणको व्यवस्था गरेको हो। संशोधित आचारसंहिताबमोजिम निर्वाचनमा आफैं उम्मेदवार भएका मुख्यमन्त्री तथा मन्त्रीले आफू उम्मेदवार भएको क्षेत्रमा निर्वाचन प्रचारप्रसारमा मात्र संलग्न हुन सक्नेछन् । त्यसरी प्रचारप्रसार गर्दा सरकारी साधन स्रोतको प्रयोग गर्न भने आचारसंहिताले रोक लगाएको छ।

मुख्यमन्त्री राउत शुक्रबार महोत्तरीको मुस्लिम बाहुल्य क्षेत्रहरू मटिहानी, बरदाहा, सिरमरदही, खैरा, नैन्ही, जलेश्वर, एकडारालगायतमा अबेर रातिसम्म एमाले-जसपा गठबन्धनका उम्मेदवाहरुसँग घरदैलो, चुनावी सभा, प्रचारप्रसारलगायतका गतिविधिहरूमा भौतिक रूपले सहभागी भएका छन् । महोत्तरीको क्षेत्र नम्बर-३ मा जसपाको तर्फबाट प्रतिनिधिसभाका उम्मेदवार




हरिनारायण यादव र प्रदेशसभाका उम्मेदवार दीपेन्द्र झासँगै घरदैलोमा सहभागी भई मतसमेत मागेको नाम उल्लेख नगर्ने सर्तमा एक स्थानीय प्रत्यक्षदर्शीले बताए।

मुख्यमन्त्री राउत आफैं पर्साको क्षेत्र नम्बर-१ को (ख)बाट प्रदेशसभा सदस्यका उम्मेदवार छन् । उनी आफ्नो क्षेत्रबाहेकको क्षेत्रमा चुनावसँग सम्बन्धित कुनै पनि क्रियाकलापमा सहभागी हुन चाहे प्रदेश निर्वाचन अधिकृतको कार्यालयबाट अनुमति लिएर मात्र जानुपर्नेमा त्यहाँबाट कुनै प्रकारको अनुमति नलिएको प्रदेश निर्वाचन कार्यालयका सूचना अधिकारी कृष्णकुमार राउतले जानकारी दिए।

**स्थानीय तहका पदाधिकारीहरू आ-आ्नो दलको प्रचारप्रसारमा**

आचारसंहिताबमोजिम स्थानीयतहका प्रमुख तथा उपप्रमुख, वडाध्यक्ष, कार्यपालिका सदस्य तथा वडा सदस्यहरूले आफू बहाल रहेको स्थानीय तहमा प्रचारप्रसारको काममा संलग्न हुन पाउने छैनन् । उनीहरू आफू बहाल रहेको स्थानीय तह बाहेक अन्य स्थानीय तहमा मात्र सम्बन्धित राजनीतिक दलको निर्वाचन प्रचारप्रसारको काममा संलग्न हुन सक्नेछन् । तर, यस प्रदेशका जिल्लाहरूमा भने ठिक त्यसको विपरीत देखिएको छ।

धनुषाको नगराइन नगरपालिका मेयर विनय यादव, महोत्तरीको पिपरा गाउँपालिकाका अध्यक्ष रामजानकी यादव, उपाध्यक्ष वन्दना पाण्डेय, नगराइन नगरपालिका वडा नम्बर-७ का वडाध्यक्ष सुरज नारायण साह, जनकपुरधामउपमहानगरपालिकाका कार्यपालिका सदस्य फुलकुमारी साह, वडा नम्बर-१० की वडा सदस्य नितु मल्लिकलगायतका पदाधिकारीहरू आफ्नै पालिकाभित्र आ-आफ्नो दलबाट प्रतिनिधि तथा प्रदेशसभा सदस्यका उम्मेदवारहरूसँग घरदैलो तथा प्रचारप्रसारमा सहभागी भई मत मागिरहेका छन्।

यस सम्बन्धमा सोध्दा स्थानीय तहका पदाधिकारीहरूले आफूहरूलाई आचारसंहिता कोबारेमा त्यति धेरै जानकारी नरहेकोले भूलवश यस्तो गल्ती भएको स्वीकार गरेका छन् । उनीहरूले आफ्नो पालिकाभित्र मत माग्न नपाउने कुराको जानकारी नरहेकोले आइन्दा यस्तो गल्ती न दोहोऱ्याउने प्रतिबद्धतासमेत जनाएका छन्।

**उम्मेदवारको खर्च सीमाको नै छैन सीमा**

निर्वाचन आयोगले आगामी मंसिर ४ मा हुने निर्वाचनका लागि मधेस प्रदेशमा प्रतिनिधिसभा तर्फ १६५ निर्वाचन क्षेत्रमध्ये ५ निर्वाचन क्षेत्रमा २५ लाख, १७ निर्वाचन क्षेत्रमा २७ लाख, ६५ निर्वाचन क्षेत्रमा २९ लाख, ५२ निर्वाचन क्षेत्रमा ३१ लाख र २६ निर्वाचन क्षेत्रमा उम्मेदवारले बढीमा ३३ लाख रुपैयाँसम्म खर्च सीमा निर्धारण गरेको छ।

त्यस्तै, प्रदेशसभाको कुल ३३० निर्वाचन क्षेत्रमध्ये ७० निर्वाचन क्षेत्रका उम्मेदवारले १५ लाख, १४३ निर्वाचन क्षेत्रका १७ लाख, ५६ निर्वाचन क्षेत्रका १९ लाख, २९ निर्वाचन क्षेत्रका उम्मेदवारले २१ लाख ३२ निर्वाचन क्षेत्रका उम्मेदवारले बढीमा २३ लाख रुपैयाँसम्म खर्च गर्न पाउने छन् । तर, आयोगले निर्धारण गरेको खर्च सीमाभन्दा बाहिर गई यहाँका उम्मेदवारहरू प्रचारप्रसारमा अनधिकृत रूपले लाखौं रकम खर्च गर्ने गरेको स्थानीय बताउँछन्।

जनकपुरधाम-७ बस्ने सुभाष कर्णले उम्मेदवारले आज व्यापक रूपमा गरिरहेको चुनावी खर्च भोलिका लागि उनीहरूले गर्ने भ्रष्टाचारको संकेत रहेको दाबी गरेका छन् । उनले भने, ‘ उम्मेदवारले अहिले जुन रूपमा खर्च गरिरहेका छन्, त्यसले पक्कै पनि भोलिको दिनमा उनीहरूले गर्ने भ्रष्टाचारको संकेत हो । स्थानीय मतदाताले यो कुरालाई गम्भीरतापूर्वक लिनुपर्दछ।’

**प्रचारप्रसारमा बालबालिकाको प्रयोग**

१८ वर्ष उमेर पूरा नभएका बालबालिकालाई निर्वाचन प्रचारप्रसारमा प्रयोग गर्न/गराउन नहुने निर्वाचन आचारसंहितामा स्पष्ट उल्लेख छ। तर, ठीक त्यसको विपरीतका गतिविधि व्यापक रूपमा भइरहेका छन्। प्रायः हरेका दलका उम्मेदवारले आ-आफ्नो प्रचारप्रसारमा बालबालिकालाई नै बढी प्रयोग गरिरहेका छन्।

उम्मेदवारी दर्ता गरिएको दिनदेखि नै उम्मेदवारले बालबालिकाको प्रयोग गरिरहेको देखिएको छ। कांग्रेस, एमाले, माओवादी केन्द्र, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, जनता समाजवादी पार्टी नेपालसहित सबै पार्टीको चुनाव चिह्न अंकित पोसाक लगाएर हिंडेका कार्यकर्ता पनि बजारमा छ्यापछ्याप्ती भेटिएका छन् । उम्मेदवारले आचारसंहिता विपरीत आफ्नो चुनावी प्रचारप्रसारमा बालबालिकालाई प्रयोग गरेको पाइएको छ । उम्मेदवारले बालबालिकालाई पर्चा वितरणदेखि भित्तामा पोस्टर टाँस्नसमेत प्रयोग गरेको देखिन्छ।

नेताको भाषण अघि र पछि बालबालिका चर्को स्वरमा दमाहा बजाएर सभा र घरदैलोमा रौनकता दिइरहेका छन् । वाम गठबन्धन र लोकतान्त्रिक दुवै पक्षका सभा, सम्मेलन, ऱ्याली र नारा जुलुसमा आधा बढी बालबालिका नै हुन्छन्। दलहरूले निर्वाचन आचार संहिता विपरीत प्रचारमा बालबालिकाको प्रयोग गरेको भन्दै सरोकारवालाहरूले चिन्ता व्यक्त गरेका छन्। पार्टीको चिह्न अंकित टी-सर्ट, टोपी, प्रचार पम्पलेट, भित्ते लेखन र वाल पेन्टिङ गरेर आचार संहिता मिच्दै आएका दलहरूले यस पटक भने विद्यालय पोसाक सहितका बालबालिकाको प्रयोग गरेर आचार संहिताको खिल्ली उडाएका छन्।

निर्वाचन आचारसंहिता, २०७९ को दफा १३, राजनीतिक दल, उम्मेदवार, दलको भातृ संगठन तथा सम्बन्धित व्यक्तिले पालना गर्नुपर्ने आचरण अन्तर्गत उपदफा (१) को खण्ड (ट) मा ‘निर्वाचन प्रचारप्रसार, आमसभा तथा जुलुसमा बालबालिकाको प्रयोग गर्न वा गराउन नहुने’ व्यवस्था रहेको छ।

**आचारसंहिताको पालना कडाइका साथ भइरहेको दाबी**

अगामी मंसिर ४ गते हुने निर्वाचनलाई स्वच्छ, निष्पक्ष तथा मर्यादित रूपमा सम्पन्न गर्नका लागि निर्वाचन आचारसंहिताको पालना कडाइका साथ भइरहेको सम्बन्धित पक्षले दाबी गरिरहेका छन्। निर्वाचन आयोगले आचारसंहिताको उल्लङ्घनकर्तामाथि यस पटक आयोगले निर्मम रूपमा कारबाही प्रक्रिया अगाडी बढाएको निर्वाचन आयोगका आयुक्त सगुन शमशेर राणाले बताएका छन्।

उनले चुनावको प्रचारप्रसारमा हुने गरेको खर्चको जिल्ला जिल्लामा अनुगमन गर्नका लागि कोष तथा लेखा नियन्त्रण कार्यालयका प्रमुखलाई अधिकार दिइएको बताए । आयुक्त राणाले इलेक्ट्रोनिक्स भोटिङ मेसिनमार्फत मतदान गराउनका लागि योजनासहितको खरिद गर्नमा लाग्ने खर्चको विवरण प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा पठाई सकेको जानकारीसमेत दिए।

आयोगका पूर्व सचिव वेगेन्द्रराज शर्माले विगत भन्दा यस पटकको निर्वाचनमा आचारसंहितामा कडाई गरिएकाले आचारसंहिताको उल्लंघन कमै मात्रामा भइरहेको दाबी गरे । त्यस्तै, धनुषाका मुख्य निर्वाचन अधिकृत ब्रजेश प्याकुरेलले निर्वाचनलाई मर्यादित बनाउनका लागि राजनीतिक दलले नै बनाएको कानुनको आधारमा बनेको आचारसंहिता अनुसार कारबाही गर्न बाध्य हुने बताए।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

### उम्मेदवारको छवि निर्णायक बनोस

प्रतिनिधिसभा तथा प्रदेशसभाहरूमा प्रमुख भनिएका राजनीतिक दलहरूले छानेका उम्मेदवार हेर्दा जनसाधारणलाई खासै उत्साहित बनाउने देखिँदैन। सम्भवतः उम्मेदवारी दर्तापछि पनि दलहरूले जनतालाई चुनावप्रति आकर्षित गर्न सक्नेछैनन्। चुनाव जित्नका लागि गरिएका गठबन्धनका कारण अधिकांश निर्वाचन क्षेत्रमा ठूला पार्टीहरू विशेषगरी नेपाली कांग्रेस र केही हदसम्म नेपाल कम्युनिष्ट पार्टी (एमाले)का कार्यकर्तामा असन्तुष्टि देखिएको छ। असन्तुष्टि चुनावसम्म नै रहयो भने नसोचेको परिणाम आउन सक्छ। कांग्रेसले सत्ता गठबन्धनकै दलहरूसँग चुनावी तालमेल गरेको छ। एक्लै चुनाव लड्ने हुँकार गर्दै आएका एमाले अध्यक्ष खड्गप्रसाद ओलीले पनि सत्ता गठबन्धनको एउटा घटक जनता समाजवादी पार्टीलगायत केही साना दलहरूसँग चुनावी तालमेल गरेका छन्। निर्वाचनपछि पनि यही गठबन्धन कायम रहने र सत्तामा पुग्ने अपेक्षामा नेपाली कांग्रेसका सभापति तथा प्रधानमन्त्री शेरबहादुर देउवाले उम्मेदवारी चयनमै पार्टीलाई खुम्च्याएका छन्। त्यसमाथि उनको दलबाट चुनाव लड्न चाहने केही आशालाग्दा अनुहार निषेधमा परेका छन्। एमालेले अपेक्षाकृत धैरै क्षेत्रमा उम्मेदवारी त दिएको छ तर अध्यक्ष ओलीसँग विमति राख्नेहरू निषेधमा परेका छन्। अब एमाले अध्यक्ष ओलीको लगभग निजी संगठन बन्न पुगेको देखिएको छ। अरू दलहरूबाट सरकारको नेतृत्व गर्न सक्ने वा पुग्ने संख्यामा उम्मेदवाटै उठाइएको छैन। स्वतन्त्र उमेदवारी दिनेहरू जति नै असल भएपनि देशको शासनमै फरक पर्नेगरी हस्तक्षेप हुन सक्दैन। समग्रमा चुनावपछि पनि देशको राजनीतिमा खासै फरक नहुने देखिएको छ। यद्यपि, जनताले विवेक पुऱ्याउन सके भने निर्वाचनलाई निर्णायक बनाउन नसके पनि सकारात्मक परिवर्तनतर्फ उन्मुख गराउन भने सम्भव छ। विसं २०७४ को चुनावमा गरिएको गठबन्धनलाई सैद्धान्तिक आवरण दिन खोजिएको थियो। ठूला कम्युनिष्ट पार्टीहरू एमाले र माओवादी केन्द्रले चुनावपूर्व गरेको गठबन्धन सफल भएपछि पार्टी एकता नै गरेका थिए। त्यो गठबन्धन टिकेन। बरु, एमाले पार्टी नै फुट्यो। गठबन्धन बनाउने र भत्काउने क्रममा माओवादी केन्द्रबाहेक सबै दल कमजोर भए। यसले गठबन्धनको सैद्धान्तिक आधार समाप्त पारिदियो भने सत्ता स्वार्थबाहेक अरू सबै गौण भएको देखियो। सत्तारुढ दलका नेताहरूले ओलीको अधिनायकवादी प्रवृत्तिको विरोधमा संविधान जोगाउन गठबन्धन गर्नुपरेको बताएका थिए। यस्तै ओलीले गठबन्धनमा रहेका देशहरूको देशभक्तिप्रति नै पटकपटक प्रश्न उठाएका थिए। विडम्बना, संविधान मिचेको भन्दै ओलीको चर्को विरोध गर्ने उपेन्द्र यादवको जसपासँगै एमालेले चुनावी तालमेल गर्न पुग्यो। अर्कोतिर, प्रतिनिधि सभा विघटनमा ओलीलाई साथ दिने लोकतान्त्रिक समाजवादी पार्टी एमाले विरोधी गठबन्धनमा सामेल भयो। यसले गठबन्धनको सैद्धान्तिक आधार समाप्त भएको देखिएको छ। अब निर्वाचनमा उम्मेदवारहरूको छवि नै मतदाताका लागि निर्णायक हुने देखिन्छ। यस क्रममा उनीहरूमाथि निरन्तर निगरानी पनि भइरहनेछ। मतदाता यसैले सजग रहनुपर्छ।

# दलितवर्गको वर्तमान अवस्था र यसका समुचित राजनैतिक हिस्सेदारी



डा. रामसागर पंडित

दलित शब्द अछूत समुदायलाई सम्बोधन गर्दछ। दलित समुदायको परिभाषातिर जाँदा मिचिएको/चिथिएको/घ्याँकिएको/पिडिएको समुदायलाई जनाउँदछ। हिन्दू धर्ममा मानिसहरू विभिन्न जातीय समूहमा विभाजित छन्। वर्णको आधारमा ब्राह्मण, क्षेत्री, बैश्य तथा शुद्रमा विभक्त थिए। यसको इतिहासतिर लाग्दा के देखिन्छ भने रामायण तथा महाभारतकालमा पनि यसको निकै चर्चा हेर्न पाइन्छ। रामायण कालमा छुवाछूतको अवस्था निकै कमजोर थियो। राजा रामले देखाएका व्यवहारलाई हेर्दा त्यसबाट प्रष्ट हुन आउँछ कि जातपात भन्दा भक्तिको आधारमा तल/माथिको रूपमा हेर्ने गरिन्थ्यो। उदाहरणको रूपमा शवरीले भगवानलाई खुवाएकी बैरलाई लिन सकिन्छ। अर्कोतिर केवटसँग गरेको व्यवहारलाई लिन सकिन्छ। यी कुराहरू त्रेतापुगका हुन्। द्वापरयुगसम्म आउँदा दलित र गैरदलित बीचको दुरी बढेको देखिन्छ। कर्णलाई पूरै महाभारतकालमा अपमानित भएर बस्नु परेको थियो। त्यसबेला शिक्षामा निकै विभेद थियो। वेदसँग सम्बन्धित ज्ञान ब्राह्मणले मात्र लिन पाउँथ्यो भने अस्त्रशस्त्रका ज्ञान क्षेत्रीले मात्र लिने नियम बनाइएको थियो। यसै कारणले गर्दा एकलव्यले दाहिने हातको औठा गुरू दक्षिणामा दिनु परेको थियो। यस्तै कर्णलाई ठूलठूला क्षेत्रीयहरूसँग अस्त्रशस्त्रको प्रतिस्पर्धाबाट वंचित गरेको थियो। यस्तै कलयुगसम्म आइ पुग्दा समेत यसमा समुचित सुधार भएको देखिँदैन। नेपालका राजा महाराजाहरू समेत जातपात कै आधारमा शासन गरेका इतिहास साक्षी छ। राज्यसत्तामा जहिले पनि यस्ता वर्गलाई ठाउँ दिएको देखिएन। जहिले पनि सामाजिक बहिष्करणमा परेको देखिन्छ। नेपाल प्रजातन्त्रको शुरूआत २००७ सालदेखि यस्ता वहिष्कृत जाति प्रति यहाँका नेता/कार्यकर्ताहरूले गहिरो रूपमा सोच्न थाले। प्रजातान्त्रिक संविधानले दलितवर्गको उत्थानमा सहयोग गर्न थाले पनि समाजमा निकै बलियो रूपले आफ्ना स्थान कायम गरि सकेको जातपात/छुवाछूतको अवस्थालाई कम गर्नु व्यति सजिलो थिएन। २००७ सालमा आएको प्रजातन्त्रमा केहीदिन पश्चात ग्रहण लाग्न थाल्यो र २०१७ सालदेखि २०४६ सालसम्म राजा महेन्द्रले ल्याएको पंचायती व्यवस्था मार्फत देशको शासन चल्न थाल्यो। यस व्यवस्थाभित्र पनि जातपात/छुवाछूतलाई नियन्त्रण गर्न खोज्दा नियनत्रण हुन सकेन तर अघिभन्दा विस्तारै कम हुँदै आएको देखियो। राजा महेन्द्रले जातपात/छुवाछूत हटाउन संविधानमा उल्लेख गरेर व्यवहारमा समेत लागु गरेका थिए। राष्ट्रसेवक भर्ना कार्यक्रममा सबै जातका मानिसलाई समान अवसर प्रदान गरेका थिए। पढाइ-लिखाइदेखि अन्य सुविधा लिन सबैलाई समान रूपले अवसर प्रदान गर्दै अगाडि बढेका थिए। खास गरी जब २०७२ को संविधान लागु भएदेखि सबै जात/धर्मका व्यक्तिहरूले समान रूपमा अवसर प्राप्त गर्न थाले। यस संविधानको दफा २५५, २५६ र २५७ मा दलितलाई रेखदेख तथा सुधार गरी राष्ट्रको मूल प्रवाहमा समावेश गर्न एउटा राष्ट्रिय दलित आयोग समेतको व्यवस्था गरेको पाइन्छ। यस आयोगले संविधानको धारा २५६ अनुसारका काम, कर्तव्य र अधिकार कार्यान्वयन गर्न पाउँछ। यो दलित आयोग मुलुकका दलितहरूका लागि एउटा कोसेढुंगा हुने विश्वास गरिएको छ। यसको प्रमुख काम दलित समुदायको समग्र स्थितिको अध्ययन तथा अन्वेषण गरी सो सम्बन्धी गर्नु पर्ने नीतिगत, कानुनी र संस्थागत सुधारका विषय पहिचान गरेर नेपाल सरकारलाई सिफारिस गर्ने हो। यसका साथै अन्य कार्यमा जातीय छुवाछूत, उतपीडन र विभेदका अन्त्य गरी दलित उत्थान र विकासका लागि दलित हितसँग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरेर नेपाल सरकार समक्ष पेश गर्ने हो। यस्तै दलित समुदायलाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्न तथा राज्यका सबै अंगहरूमा समानुपातिक सहभागिता सुनिश्चित गर्न नीति तथा कार्यक्रमको समिक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र सोको कार्यान्वयन गर्न नेपाल सरकारलाई सिफारिस गर्ने छ। मूल रूपले संविधानमा उल्लेख भए अनुसार आज कानुनी रूपमा कुनै जातपात तथा दलितसँग असमान व्यवहार गर्न पाउँदैन।

हुनत दलितको अवस्थाको पहिलेदेखि केही सुधार पक्कै भएको देखिन्छ। यस लेखका लेखकले आफै अनुभव गरेको केही कटु अनुभव यहाँ राख्न अनुमति चाहन्छ। आज भन्दा ५०-६० वर्ष अघिको अवस्था र वर्तमान अवसथामा निकै भिन्नता देखिन्छ। त्यसबेला समाजमा जातपातको कट्टरता निकै उँचाइमा थियो भने आजसम्म आउँदा निकै खुकुलो भएको छ। त्यसबेला अहिले दलितको मात्र होइन। केही वैश्य समूहमा पर्ने जातहरूको पानी समेत चलेको थिएन। अछूतहरू कहिकतै जाँदा पानी खाने आफ्नै ग्लास लिएर जानु पर्दथ्यो। अछूतका लागि पानी पिउने बेग्लै इनार, नुहाउन बेग्लै घाट तथा भोज भतेरमा बेग्लै ठाउँ दिएर ख्वाउने चलन थियो। त्यति मात्र होइन, पर्व तिहारमा समेत बेग्लै स्थानमा बसाउने चलन चलाइएको थियो। समाजमा सबभन्दा तल्लो स्तरको नागरिक जीवन बिताउन वाध्य थिए। ठूलावर्गका मानिसहरूले बिना कसुर पनि गाली गलौज गर्नु साधारण कुरा थियो। मिहिनेत गरेर पनि सामान्य जीवन बिताउन अप्ठयारै अप्ठयाराहरू थिए। धार्मिक रूपले हिन्दू समूहमा परे पनि हिन्दूहरूबाटै बढी अपेहेलित थिए। शिक्षा तथा स्वास्थ्यका अवसरबाट बंचित थिए। दासको जीवन जस्तै जीवन बिताउँथे। सामाजिक काममा यिनीहरूको सहयोग लिइन्थ्यो तर निर्णायक छलफलमा सहभागि गराउँदैन्थ्यो। सार्वजनिक दलानमा बस्ने हक दिएको थिएन। चिया पसलमा जाँदा आफ्नो ग्लास लिएर जान्थे र खाइ सकेपछि आफै धोएर पुनः आफ्नै साथमा लिएर फर्किन्थे। माटाका भाँडाकुँडामा भिड्दा भाँडाकुँडाको मूल्य तिर्नु पर्ने हुन्थ्यो। छूतका घरमा पस्ने अनुमति थिएन।

तर अहिले त्यस्तो अवस्था छैन। निकै सुधार भएको देखिन्छ। सँगसँगै भोज खाँदा, पानी पिउँदा, खेत खलिहानमा काम गर्दा, चिया पसलमा चिया खाँदा, एउटै घाटमा नुहाउँदा, एउटै चप्पा कलमा पानी भर्दा, एउटै कक्षामा सँगै बस्दा, समान स्तरको सरकारी जागिर पाउँदा, सामाजिक काममा सँगै सहभागि हुँदा, निर्णायक समितिमा बस्दा, सार्वजनिक ठाउँको साझा उपभोग गर्दा, काम गर्दा उचित श्रममूल्य पाउँदा, राजनीतिमा समान अवसर पाउँदा, सरकारमा सामेल हुँदा एकदमै हर्षित भएको छु। देश सबैको साझा हो। हामी सबै यसमा रंगबिरंगी फूल सरह हौं। एउटा फुलवारीमा कुनै फूलको वोटसँग विभेद भएको हुँदैन। त्यस्तै वहाँहरूसँग विभेद गर्नु भनेको देशलाई अपाङ्ग बनाउनु हो। यस्ता देश कहिले पनि अगाडि बढ्न सक्दैन। भारतका डा. भीमराव अम्बेदकर, वापू जगजीवन राम, रामविलास पासमान, मल्लिकार्जुन खड्गे आदि दलितै व्यक्तित्व थिए/छन्। यस्तै नेपालमा समेत सरकारको उच्च पदमा बसी काम गरेका निकै धैरै यस्ता व्यक्तितव थिए/छन्। वर्तमान अवस्थामा समेत भाग लिएका छन्। सब भन्दा सुखद कुरो के छ भने संस्कृत शिक्षा जो खास गरी बाहुन कै लागि मात्र खुल्ला थियो। अहिले हाम्रा कतिपय दलित साथी संस्कृत शिक्षा पढेर प्राध्यापन पेशामा लागेको देख्दा खुशी भएको छु। तर जे जस्तो अवसर पाए पनि अहिले पूर्णतः समानताबाट वंचित देखिन्छ। अहिले पनि ठाउँ-ठाउँमा शोसित जीवन बिताउन बाध्य छन्। केही ठाउँमा शहरमा आउँदा सजिलै डेरासम्म नभेट्नु, छठको घाटमा सँगै पर्व गर्न नदिनु, भोज भतेरमा बेग्लै ठाउँमा बसाएर ख्वाउनु आदि कुरालाई हेर्दा निकै पीडा महसूस हुनु स्वभाविकै हो। यस्ता ठाउँमा दलितसँग सम्बन्धित संघ/संगठनले जोडदार विरोधमा उभिनु पर्छ। तपाई त राज्यबाट अधिकार पाउनु भयो। त्यसको कार्यान्वयन पनि तपाईहरूले नै गर्ने हो। यदि त्यस्तो गर्नु भएन भने समुचित रूपमा अवसर पाउन सजिलो छैन। मान्छेको स्वभाव हो कि आफूभन्दा अरूलाई कसरी तल्लो देखाउनु। सरकारले बिना माँगको सही अधिकार दिएको छैन। समान अधिकार पाउन एकजुट भइ संघर्ष गर्दै अगाडि बढनुको विकल्प छैन। अहिले देशमा लोकतान्त्रिक गणतन्त्र छ। यस्को कानुनमा लेखिए अनुसार सबै नागरिक समान छन्। तर व्यवहारमा त्यस्तो देखिँदैन। अहिले पनि दलित माथि कहीं कहीं जोडजुलुम भएकै छ। अत्याचार भएकै छ। समाजमा अपहेलित छँदै छन्।

नेपालको तथ्याङ्कतिर जाँदा २०६८ सालको जनगणना अनुसार दलितको जम्मा जनसंङ्ख्या ३३,४४,१४३ (तेतिस लाख चौवालिस हजार एक सय तिरचालिस) रहेका छन्। यसलाई प्रतिशतमा लाग्दा १२.६२ देखिन्छ। पहाडी र मधेसी दलितलाई अलग गर्दा पहाडी २१,५१,६२६ (एकाइस लाख एकावन्न हजार छवसय छबिस) रहेका छन् भने तराई मधेशका ११,९२, ५१७ (ग्यारह लाख विरान्वे हजार पाँच सय सतरह) छन्। यसलाई प्रतिशतमा राख्दा ८.१२१ तथा ४.५० रहेका छन्। यसरी जनसंख्या अनुसार सरकारी हिस्सेदारी नभेटिएकोले यो समुदाय निकै पछाडि परेका छन्। पहाडका दलित जातिहरू भनेका कामी, दमाइ/धोली, सार्की, बादी र गाइने रहेका छन्। यस्तै तराई मधेसमा बस्ने दलितहरू चमार/हरिजन/राम, मुसहर, दुसाद/पासमान, धोवी, तत्मा/तत्वा, खत्वे, बाँदर, सरदार, डोम, कोरी, सरबरिया, हलखोर, नटुवा, धनकार/धारिकार, धाँदी र कलर रहेका छन्। यी जातिहरूका शैक्षिक प्रतिशत निकै कम छ। चेतनाको अभाव छ। परम्परागत पेशामा आधारित रहेका कारण आर्थिक अवस्था निकै कमजोर देखिन्छ। सरकारी सेवामा नगन्य स्थान छ। सरकारले यस्ता जातीय समुदायलाई उठाउन केही प्रावधान संविधानमा उल्लेख भए पनि समुचित रूपमा कार्यान्वयन हुन सकेको छैन। सामाजिक रूपमा पनि निकै पछाडि तथा प्रतारित छन्। छोरा/छोरीको विवाह उमेर पुग्नु भन्दा पहिले नै गरि दिन्छ। अर्को शब्दमा भन्दा अहिलेसम्म शतप्रतिशत नावालक उमेरमा नै विवाह हुन्छ। आमा बुवाले विवाहलाई एउटा सामाजिक जिम्मेवारीको रूपमा लिएका हुन्छन्।

यसलाई उत्थान गर्न दलित आयोग जस्तो सरकारी संस्थाले मूल भूमिका खेल्न अगाडि आउनु पर्छ। पद ओगटेर मात्र बस्न मिल्दैन। गाउँका अगुवा, राजनीतिक अगुवा, नेता तथा राजनेताहरू यसबारे गहिरो रूपमा सोच्नै पर्छ। देशको मूल प्रवाहमा नलगि हुँदैन। अहिलेसम्म जे जस्तो प्रयास भएको छ त्यसलाई निकै न्यून प्रतिशतको रूपमा लिन सकिन्छ। यिनीहरू देशका धर्तीपुत्र हुन्। प्रकृतिका पुजारी यिनीहरू सधै खेतवारीमा परिश्रम गरेर आफ्ना जीवन पाल्दै आएका छन्। यहि २०७९ मङ्सिर ४ गते आम निर्वाचनको घोषणा भइसकेको छ। यस निर्वाचनमा पनि यिनीहरू बारे कुनै खासै कार्यक्रम देखिएको छैन। हुनत सबै दलहरूले आ-आफ्ना घोषणापत्रमा दलित शब्द अनिवार्य रूपमा उल्लेख गरे पनि कार्यान्वयन पक्ष निकै कमजोर देखिन्छ। यस निर्वाचनमा पनि दलितलाई समुचित समानुपातिक हिस्सेदारी भेटेन। जनसङ्ख्याको अनुपातमा नगण्य संख्या छुट्याएका छन्। जबकि संविधानमा समानुपातिक शब्द राख्नु भनेको यिनीहरूलाई समेट्नु थियो तर आ-आफ्नै नाता गोतालाई पठाउने गर्छन। राष्ट्रिय सभामा समेत यिनीहरू सही रूपले ठाउँ दिन सकेका छैनन्। सरकारी पक्ष तथा राजनैतिक दलहरूबाट बेइमानी भएकै रहेछ। देश विकासमा उनीहरूलाई सहभागी नबनाउनेसम्म समान हिस्सेदारीबाट पछाडि नै रहन्छन्। देशको संगठन हाम्रो शरीर जस्तै छ। शरीरको एउटा सानो अंग बिग्रिएको खण्डमा पनि हाम्रो सिङ्गै जिउ प्रभावित हुन जान्छ त्यस्तै राष्ट्ररूपी शरीरमा दलितलाई समान हिस्सा नदिएसम्म राष्ट्र विकासमा जहिले पनि अपाङ्गता महसूस भै रहन्छ।

निष्कर्षमा तुलनात्मक रूपमा पहिलेभन्दा अहिले केही सुधार त भएकै छ तर अहिले अन्य समुदाय भन्दा निकै पछाडि छन्। प्रत्येक समाजले पनि यस्ता निसहाय समुदाय प्रति सहानुभूति राखी पूर्णअधिकार पाउने लडाइमा हामी सबैको साथ चाहिन्छ। त्यसैले हामी सबैले समाजको एउटा सक्रिय समुदाय सम्झी यथोचित सहयोग गरौं। आजको २१ सौं शताब्दीसम्म आउँदा पनि यस समुदायको समुचित विकास नहुनु दुर्भाग्य रहेछ। देश वहाँहरूको पनि हो। वहाँहरू पनि हामी जस्तै देशका नागरिक हुन्। त्यसर्थ समुचित राजनैतिक हिस्सेदारीबाट वंचित नगरौं। अस्तु।

*लेखक त्रिविका अवकाशप्राप्त सह-प्राध्यापक तथा अन्वेषक हुन्।*

# ओरालो लागदो चिनको अर्थतन्त्र, मिटर ब्याजी बीआरआईको वास्तविक्ता



अनिल तिवारी

एउटा ऋण जाल तब सफल हुन्छ , जब कुनै उधारकर्ता ऋणको मूल राशि भुगतान गर्न असमर्थ हुन्छ। जसलाई अहिले मिटर ब्याजी पनि भन्न थालिएको छ। मुलुकमा चलीरहेका त्यासता मिटर ब्याजीऋणका कारण कतिपय व्यक्ति वेघर भएका छन्।परिणाम स्वरुप सरकार अहिले कडा कदम चल्न प्रत्येक जिल्ला प्रशासन कार्यालयहरुमा निर्देशन नै जारि गरेको छ।तर ठिक त्यहि स्वरुपको मिटर व्याजी ऋण चिनको बिआरआई परियोजना हो।जसको कारण कतिपय छिमेकि मुलुकहरुको अर्थतन्त्र ध्वस्त बनेको छ।जनता बिद्रोहमा ओर्लिएका छन्। तर त्यो भन्दा ठुलो प्रश्न यो छ कि चिनले लगानी गरेको बीआरआई छिमेकि साना मुलकहरुको अर्थतन्त्रको लागी कति सार्थक छ। के नेपाल,पाकिस्तान,बंगलादेश र श्रीलकां जस्ता छिमेकि मुलुकको अर्थ व्यवस्था त्यतिठुलो छ, जसले आउने समयमा मिटर व्याजी बीआएआईको विशाल ऋण भुगतान गर्न सक्छ र ? जुन चीनद्धारा वनबेल्ट, वन रोडको (बीआरआई) माध्यमबाट प्रायोजित लगानि गरिदै छ।यो प्रश्न दक्षिणी एसियाका सबै साना मुलुकहरुको लागी अहिले ठुलो प्रश्नको बिषय बन्दै गएको छ।

अर्को तर्फ प्रत्येक ऋणदाता ऋण उधार दिनु भन्दा सयौ चोटि ऋणिको क्रेडिट रआर्थिक योग्यताको आकलन गर्छ। तर एशियाका विभिन्न मुलुकहरुमा चलिरहेको कमिशनको खेलमा चिनद्धारा योजनाको लगानी बढाउदै नेता खरिदविक्रिको नितिकै कारण श्रीलंकामा जन बिद्रोह सुरु भएको हो। लगानीकर्ता राष्ट्रको पहिलो कर्तब्य हो,एक सम्प्रभु देशको आर्थिक क्रेडिट र उसको आर्थिक क्षमताको आकलन गर्ने संसारीक प्रचलन छ। तर चिनले नेपाल र एशिया मुलुहरुमा बीआरआईको माध्यम गरिरहेको ऋण लगानिमा त्यसतो देखिएन।जानी जानी उसले बेवारीसे लगानिलाई योजनाबद्धरुमा चलयो जसको मुख्य उदेश्य कुटनैतिक षडयन्त्र नै भएको सहजै अनुमान गर्न सकिन्छ। कुनै पनि मुलुकको सोभरेन क्रेडिट औसतलेत्यसको अर्थव्यवस्थालाई अन्तराष्ट्रिय लगानि कर्ताहरुले आकलन गरेपछि मात्र ऋणमा लगानि गर्ने इच्छा प्रकट गर्दछन्। त्यसमा पनि ऋणि मुलुकको राजनैतिक माहौल,आर्थिक स्थिरता र त्यसको बित्तिय संसाधनहरुलाइ ध्यानमा राखेर ऋण लगानि गर्ने आर्थिक चलन रेहको ने देखिन्छ।



तर चिनले जानी जानी यो सबै बिषय केलाएन। साना साना मुलुकमा ठुल ठुला लगानि हवातै गर्दै आयो तर के यस्तो कुरा उसले हासोको लागी मात्र गरेको हो। बेल्ट एन्ड रोडको बारेमा मलेशियाबाट सुरुभएको शंकाकोलंका क्रमिकरुपमा फैलीदै गयो र श्रीलंका,पाकिस्तान र बंगलादेशमा क्रमश जन बिद्रोह नै सुरु भएको छ। यसै संदर्भमा छिमेकी मुलुक म्यांमारले पनि आफ्नो देशमा चिनद्धारा निर्माण भइरहेको बंदरगाहको लगानि घटाएको छ। थाईलैंडले पनि पुरै देशमा चलिरहेको रेल परियोजनाहरुको चीनको सहयोगका परियोजनाहरुलाई खारेज नै गरेको छ। यहांसम्म कि सबैभन्दा वफादार सहयोगी रुपमा रहेको पाकिस्तान, जसले ४०० बिलियन चीन-पाकिस्तान आर्थिक कोरिडोर योजना बनाउन ल्याइएको चीनीया उपकरणाको आयात खर्जको कारण अहिले चालू खाता(अगचचभलत बअअयगलत मभाष्अष्त) संकटको सामना गर्न बाध्य भएको छ।बेल्ट एन्ड रोड परियोजना चलिरहेको दर्जनौ मुलुकका यस्ता आर्थिक उदाहरणले यो पुरै योजना को दायरा र चरित्र माथि पुन : विचार गराउनुको साथै ती मुलुकका सरकारलाई पुर्ण अवलोकन गर्न बाध्य बनाउन थालेको छ।

अहिलेसम्म, कुनै पनि परियोजनालाई बेल्ट एन्ड रोडसंग जोड्दा (चाहे त्यो लाहौरमा मेट्रो निर्माण होस वा गुइज़हौमा क्लाउड कंप्यूटिंग सेंटर ) चीनले एकदम सहजरुपमा ऋण दिने गरेको छ। जुनक्रम अहिले नेपालमा पनि बढेको छ।तर यो सबै परियोजनांहरु एकदम फरक फरक रहेको स्र्वीविदिनै छ। चिनिया सामरिक रणनितिको मातहत लागु भइरहेको योजनाहरु नेपालको लागी कति हितकर छ ? त्यसको आर्थिक परिणाम तर्फ खासै केलाइएको देखिएको छैन। हो त्यो केहि नेता वा कर्मचारीहरुको लागी हितकर पक्कै हुन सक्छ। यो परियोजनाहरुको दुरगामी परिणाम बारे हामी नेपाली जनताको लागी कतिको हितकर छ , बुझ्नु जरुपनि उतिकै आवश्यक रहेको छ।

### ओरालो लागदो चिनको अर्थतन्त्र

चिनको खसकिदो अर्थतन्त्रको कारण बाह्या मात्र होइन आन्तरिक बिद्रोहको पनि सामना गर्नु परेको छ। चिनका ऋणी घर मालिकहरूले पनि अर्थतन्त्र ओरालो लागेको कारण देखाउदै धितो भुक्तानी गर्न बहिष्कार गरिरहेका छन्

ऋण विकासकर्ताहरूबाट सम्पत्ति किनेका चिनियाँ घर लिएकाहरूले आफ्नो अधूरो अपार्टमेन्टहरूको ऋण तिर्न अस्वीकार गरिरहेका छन्। चीनको अर्थतन्त्र ओरालोठेस लाग्दो छ।कर्जामा घर किनेको चिनीयाहरु किस्ता तिर्न अक्षमता देखाइरहेका छन्।

दशकौंसम्म, चीनमा सम्पत्ति खरिदलाई सुरक्षित लगानी मानिन्थ्यो। अहिले देशको मध्यमवर्गका लागि सम्पत्तिको जग निर्माण गर्नुको सट्टा घरजग्गा असन्तुष्टि र आक्रोशको स्रोत बनेको छ।चीनका १०० भन्दा बढी सहरहरूमा बिद्रोह र बहिष्कारहरूको बिग्रलेबढकेको छ।ओरालो उनमुख अर्थतन्त्र, कोविडको लकडाउन, यात्रा प्रतिबन्ध र सरकारमाथिको अविश्वासको कारणले ढिलो ऋण तिर्न अक्षम भएको बताइदै छ।

यसबाहेक, चीनको सामाजिक ऋण प्रणालीले व्यक्तिको यात्रा गर्ने, आफ्ना छोराछोरीलाई विद्यालयमा पुऱ्याउने वा भविष्यमा बैंकबाट ऋण लिन सक्ने क्षमतालाई सीमित गरेर ऋण तिर्न असफल हुने जस्ता उल्लङ्घनहरूलाई सजाय दिने प्रवधान छ।

एएनजेड रिसर्चले अनुमान गरेको छ कि बहिष्कारले बैंक ब्यालेन्स शीटमा बसेका लगभग २२२ बिलियन अमेरिकी डलरको घर ऋण, वा बक्यौता धितोकोले ठुलो असर गर्न सक्छ।

चिनका अर्थतन्त्र दशकौंमा सबैभन्दा सुस्त वृद्धिको बाटोमा छ। यसका कारखानाहरूले संसारमा कम बिक्री गरिरहेका छन्, र उपभोक्ताहरूले घरमा कम खर्च गरिरहेका छन्। सरकारले युवा बेरोजगारी रेकर्ड उच्च पुगेको बताइ रहेको छ।

"जीवन अत्यन्तै कठिन छ, र हामी अब मासिक धितो किन्न सक्दैनौं," चीनको मध्य हुनान प्रान्तका घरधनीहरूले जुलाईमा स्थानीय अधिकारीहरूलाई पत्र लेखे। "हामीले हताशबाट जोखिम उठाउनु गरेको छ ,यतिमात्र होइन बंधक हडतालको मार्ग समेत अनुसरण गर्नुपर्छ।" धितो विद्रोहले एक दशक लामो आवासीय बबालबाटको सामना गरिरहेको सम्पत्ति बजारलाई नै हल्लाएको छ। यसले चीनमा सामाजिक स्थिरता र निरन्तर समृद्धिको सन्देशमा यस वर्षको अन्त्यमा पार्टीको नेताको रूपमा तेस्रो कार्यकालको लागि तटस्थ हुने अपेक्षा गरिएका राष्ट्रपति सी जिनपिङका लागि पनि अनावश्यक ठुलो जटिलता सिर्जना गरेको छ।

हालसम्म, सरकारले बहिष्कारले प्राप्त गरेको ध्यानलाई सीमित गर्न चकित पारेको छ। ऋणहरुको हडताल सूचनाहरूको प्रारम्भिक झडप पछि सोशल मिडियामा भाइरल भयो, सरकार बाध्य भएर इन्टरनेटहरुलाई सेन्सर गऱ्यो। तर अहिले पनि हडतालको प्रभाव भने फैलिन थालेको बताइन्छ।

मध्य चीनको हेनान प्रान्तमा एक ग्रामीण बैंकले निकासी रोकेपछि, यसले निक्षेपकर्ताहरू र सुरक्षा बलहरू बीचको हिंसात्मक प्रदर्शन नै सुरु भयो। भर्खरका कलेज स्नातक पढने युवा बेरोजगारीको साथ काम खोज्न संघर्ष गरिरहेका छन्। साना व्यवसाय रोजगारीको सबैभन्दा ठूलो प्रदायक, कोभिडको लकडाउनको निरन्तर खतरामा बाँच्नका लागि लडिरहेका छन्।

रियल स्टेटले चीनको आर्थिक गतिविधिको करिब एक तिहाइ भाग लिन्छ, एक अनुमानहरू अनुसार, घरको सम्पत्तिको लगभग ७० प्रतिशत आवासले ओगटेको छ, जसले यसलाई अधिकांश चिनियाँ मानिसहरूको लागि सबैभन्दा महत्त्वपूर्ण लगानी बनाउँछ।

यस कदमले धेरै फर्महरूको लागि नगदको संकट सिर्जना गऱ्यो जुन निर्माण परियोजनाहरूलाई निरन्तर्ता दिनको लागि ऋणमा सजिलो पहुँचमा निर्भर थिए। वित्तीय तनाव गहिरो हुँदा, एभरग्रान्ड र अन्य ठूला सम्पत्ति विकासकर्ताहरू पूर्वनिर्धारितमा सर्पिल भए, र यसको प्रभाव उद्योगमा फैलियो, ।

# नेपाललाई समृद्ध र बलियो बनाउने पार्टी एमाले हो : अध्यक्ष ओली

काठमाण्डु । नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले देश बनाउने योजना र प्रतिबद्धता भएको मुलुकमा एकमात्र पार्टी एमाले भएको बताउनुभएको छ । प्रवासी नेपाली मञ्चको प्रथम अन्तर्राष्ट्रिय अधिवेशनको आज यहाँ उद्घाटन गर्दै उहाँले नेपाललाई समृद्ध र बलियो बनाउने पार्टी एमाले भएको बताउनुभएको हो । "नेपाललाई बलियो योजना र प्रतिबद्धतासहितको राष्ट्रिय शक्ति चाहिएको छ", एमाले अध्यक्ष ओलीले भन्नुभयो, "देशको विकास गर्ने र जनताको बलियो आधार भएको एमाले पार्टी हो ।"




देशको राष्ट्रियताको संरक्षण, मुलुकमा स्थायी शान्ति कायम गर्ने र जनताको भावना बुझेर विकास निर्माणको काम अघि बढाउने पार्टी भएको भन्दै उहाँले थप्नुभयो, "आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा एमालेले बुहमत ल्याउने गरी मत दिनुस्, एक्लैले सरकार बनाउँछ ।"

अध्यक्ष ओलीले नेपालीले सहजतापूर्वक जीवनयापन गर्न मुलुकमा गरिबी निवारण, वातावरण संरक्षण र सामाजिक सुरक्षाको आवश्यकता भएकोर नेपाली जनताको ओइलाएका विश्वासलाई पुनःजागरण गर्नुका साथै देशभक्तिको भावना जागृत गर्न पार्टीले महत्वपूर्ण भूमिका निर्वाह गर्ने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो ।

संसारमै भएका नेपालीले देशलाई पीडा परेका बेलामा सहयोग गरेको स्मरण गर्दै उहाँले भन्नुभयो, " भूकम्प, बाढीपहिरो, कोभिड-१९ आदि जस्ता महामारीको पीडामा मलम लगाउने हातलाई म धन्यवाद दिन चाहान्छु, आगामी दिनमा पनि यहाँको यस्तै सहयोग भइरहोस् ।"

पूर्वप्रधानमन्त्री ओलीले प्रवासी नेपालीको योगदान उत्कृष्ट रहेको र नेपाल, नेपाली जनता, लोकतन्त्र, शान्ति, समृद्धिका क्षेत्रमा पनि सहयोग गर्न र आफूलाई बेवास्ता गरी राष्ट्रिय हितलाई मुख्य केन्द्रमा राखेर काम गरेकोप्रति उच्च प्रशंसा गर्नुभयो ।

कम्युनिष्ट पार्टीका नेता तथा कार्यकर्ताको व्यवहार, आचरण र क्रियाकलाप उच्च नैतिक चरित्रको हुनुपर्नेमा जोड दिँदै अध्यक्ष ओलीले विश्वमा जुनसुकै ठाउँमा बसेपनि जन्मभूमि र जन्मभूमिका नेपालीलाई नबिर्सन आग्रह गर्नुभयो ।

विश्वभर छरिएर रहेका प्रवासी नेपालीको साझा सङ्गठन प्रवासी नेपाली मञ्च (ओएनएफ) अन्तर ाष्ट्रिय कमिटीको पहिलो अधिवेशन आज काठमाडौँमा सुरु भएको हो । दुईदिनसम्म चल्ने अधिवेशनको 'सवल प्रवासी : समृद्ध नेपाल, सुखी नेपाली' भन्ने मूल नाराका साथ आयोजना गरिएको अधिवेशनमा ३७ देशबाट ३०० प्रतिनिधिको हुनुहुन्छ । अधिवेशनले नयाँ कार्यसमिति चयन गर्नेछ । नयाँ कार्यसमिति अध्यक्ष, उपाध्यक्ष, सचिव र दुई जना उपसचिवसहित ३१ सदस्सीय हुनेछ ।

प्रवासी नेपाली मञ्चको इञ्चार्जका रूपमा नेकपा (एमाले) का स्थायी कमिटी सदस्य एवं विदेश विभाग प्रमुख डा राजन भट्टराईले प्रवासी नेपालीको देशको आर्थिक तथा सामाजिक विकासमा ठूलो भूमिका रहेको र उहाँहरूको सहयोग र सहकार्यलाई पार्टीले उच्च मूल्याङ्कन गरेको बताउनुभयो ।रासस

# कूटनीति र वार्ताका माध्यमबाट भूमि फिर्ता ल्याउँछौँ : प्रधानमन्त्री देउवा

डडेल्धुरा । प्रधानमन्त्री शेरबहादुर देउवाले अतिक्रमित भूमि कूटनीतिक र वार्ताका माध्यमबाट फिर्ता ल्याएरै छाड्ने बताउनुभएको छ ।

शनिबार गृहजिल्ला डडेल्धुराको अजयमेरु गाउँपालिकाको भद्रपुरमा आयोजितचुनावीसभालाईसम्बोधन गर्दै प्रधानमन्त्री देउवाले प्रतिपक्षी दलका नेताले दार्चुला पुगेर भाषण गर्दैमा लिम्पियाधुरा फिर्ता हुन्छ ? भन्दै प्रश्न गर्नुभयो । "केपी ओली जी दार्चुला गएर लिम्पियाधुरा फिर्ता आउँछ ? ।" प्रधानमन्त्री देउवाले भन्नुभयो, "कूटनीति र वार्ताका माध्यमद्वारा भूमि फिर्ता ल्याउने हो, त्यसका लागि भारतसित कुरा गर्ने हो ।"



उहाँले प्रतिपक्षी दलको नेताले बोल्दैमा केही नहुने धारणा राख्नुभयो । "भाषण गरेर लिम्पियाधुरा फर्किने भए जति पनि भाषण गर्न सकिन्छ", उहाँले भन्नुभयो, "दार्चुला गएर भूमि हाम्रो हो मात्रै भनेर गफ गरेर भएन नी ।" त्यसैगरी प्रधानमन्त्री देउवाले निर्वाचनपछि पनि गठबन्धनकै सरकार बनाउनुपर्ने आवश्यकता रहेको बताउनुभयो ।

"समावेशी राजनीति, समावेशी संविधान बचाउन पनि गठबन्धनको सरकार बनाउन आवश्यक छ", उहाँले भन्नुभयो, "धेरै लामो लडाईंपछि ल्याएको प्रजातन्त्र, समावेशी संविधान बचाउनुपर्ने आवश्यकता छ ।" उहाँले आलोचना हुँदैमा संसद् विघटन गर्ने अधिकार प्रधानमन्त्रीलाई विगतमा रहेको र चलन भएकाले सो अधिकार हटाएको बताउनुभयो । "राष्ट्रपतिलाई २ बजे राति उठाएर दुईपटक संसद् विघटन गर्ने काम भएपछि हामीले त्यो अधिकार अहिले हटाएका हौँ ।"

उहाँले भन्नुभयो, "अति नै भएपछि हामी अदालत गएका हौँ", चुनावीसभामा सम्बोधनका क्रममा उहाँले डडेल्धुरामा मेडिकल कलेज स्थापना र विमानस्थल बनाउने बताउनुभयो । "गर्भवतीले उपचार नपाएर ज्यान गुमाउनु पर्दैन, मेडिकल पढाइ पनि यही हुन्छ", देउवाले भन्नुभयो, "विमानस्थलका विषयमा सम्भाव्यता अध्ययन गरिने र जहाज ल्याएरै छोडिनेछ ।"

डडेल्धुराको धेरै विकास भइसकेको बताउँदै उहाँले बाँकी काम पनि आफूले गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । सम्बोधनका क्रममा उहाँले शिक्षा, स्वास्थ्य, खानेपानी र भौतिक पूर्वाधार निर्माणमा जोड दिनुभयो ।रासस

## प्रम देउवाको चुनावी यात्रा

# सातौँ पटक गठबन्धनको गतिलो साथ

डडेल्धुरा । राजनीतिक माहोल अनुकूल होस् या प्रतिकूल । जस्तो अवस्थामा पनि २०४८ सालदेखि डडेल्धुराबाट निर्वाचनमा अपराजित यात्रा गरिरहनुभएका नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर आफू पनि चुनावी मैदानमा हुनुहुन्छ । प्रधानमन्त्री देउवा २०४८, २०५१, २०५६, २०६४, २०७० र २०७४ सालको निर्वाचनमा डडेल्धुराबाट निर्वाचित भइसक्नुभएको छ । उहाँ विसं २०६४ मा कञ्चनपुर ४ र २०७० मा



डडेल्धुराको अजयमेरु गाउँपालिकाको भद्रपुरमा शनिबार प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको सम्बोधन सुन्दै चुनावी आमसभामा सहभागीहरु । *तस्बिर :रासस*

देउवा तीन दिनदेखि आसन्न मङ्सिर ४ गते हुने प्रतिनिधिसभा एवं प्रदेशसभाको निर्वाचनका सन्दर्भमा गृहजिल्ला डडेल्धुरामा आयोजना गरिएका चुनावीसभामा व्यस्त हुनुहन्छ ।

सत्ता-गठबन्धन दलका साझा उम्मेदवारसमेत रहनुभएका प्रधानमन्त्री देउवालाई अघिल्लो आमनिर्वाचनमा नेकपा (माओवादी केन्द्र) र नेकपा (एमाले)ले चुनौती दिएको भए पनि यसपटक माओवादी केन्द्रको सुदूरपश्चिमको नेतृत्वकर्ता नेता खगराज भट्ट देउवालाई सघाइरहनुभएको छ । गठबन्धनको प्रदेशसभा सदस्यको उम्मेदवार भएर भट्ट कैलाली- ६ बाट पनि विजयी हुनुभएको थियो । गत २०७४ सालको निर्वाचनमा १६ वटा प्रतिनिधिसभा रहेको सुदूरपश्चिममा नेपाली कांग्रेसबाट प्रत्यक्षतर्फ जित्ने एक्ला नेतासमेत उहाँ हुनुहुन्छ ।

माओवादी नेता भट्ट तीन पटक देउवासित पराजित हुनुभएको थियो । नेपाली कांग्रेस डडेल्धुराका पार्टी सचिव हेमराज चटौतले डडेल्धुराबाट कांग्रेसका उम्मेदवार देउवा बहुमतले जित्ने दाबी गर्नुहुन्छ । उहाँले स्थानीय तहको मतलाई मात्रै आधार बनाउँदा कांग्रेससहित गठबन्धनका प्रदेशका उम्मेदवारलाई जित्न कुनै समस्या नहुने दाबी गर्नुभयो । "पालिकाको निर्वाचनमा कांग्रेस एक्लैको २२ हजार बढी, माओवादी केन्द्रको १३ हजारको हाराहारीमा मत हो", सचिव चटौतले भन्नुभयो, "प्रतिस्पर्धीको सबैको मिलाएर पनि १५ हजार मत देखिन्न ।" उहाँले प्रधानमन्त्री देउवा आइतबार पर्शुराम र आलितालमा चुनावीसभा सकेर धनगढी फर्किने कार्यक्रम रहेको बताउनुभयो ।

उहाँले देउवा डडेल्धुराको उम्मेदवार मात्रै नभई सुदूरपश्चिमको अभिभावक भएकाले पनि यसपटक जिताएर पुनःमुलुकको कार्यकारी पदमा पुग्नेमा आशावादी रहेको बताउनुभयो । देउवासित चुनावी प्रतिस्पर्धामा रहनुभएका कांग्रेस बिपीका कर्ण मल्लले स्थानीय निर्वाचनमा समेत नेकपा एमालेसित चुनावी तालमेल गर्नुभएको थियो । प्रतिनिधिसभाका उम्मेदवार मल्ललाई नेकपा (एमाले)ले सर्मथन गरेको छ ।

एमाले डडेल्धुराका अध्यक्ष प्रकाश साउँदले आफूहरूको समर्थन सुरुबाटै कांग्रेस बिपीका उम्मेदवारलाई रहेको बताउनुभयो । "हाम्रो समर्थन कर्ण मल्ललाई भएअनुसार हामी मसिनो तरिकाले जिल्लाभर मतदातासित मत माग्दै हिँडेका छौँ", अध्यक्ष साउँदले भन्नुभयो, नेपाली कांग्रेसका सभापतिसमेत रहनुभएका देउवालाई टक्कर दिने पार्टी र उम्मेदवारको किचलोले उहाँलाई जित्न झन सहज हुने कांग्रेस नेताहरूको बुझाइ छ ।

डडेल्धुराबाट सत्ता-गठबन्धनबाट सुदूरपश्चिम प्रदेशसभा १ मा माओवादी केन्द्रका नेता खगराज भट्ट र २ मा नेपाली कांग्रेसका नेता एवं सुदूरपश्चिम प्रदेशका सामाजिक विकासमन्त्री गोविन्दराज बोहरा चुनावी मैदानमा हुनुहुन्छ । यता एमाले र कांग्रेस बिपीको चुनावी तालमेलले डडेल्धुराबाट प्रदेशसभा १ मा पूर्वप्रदेश मन्त्री पठानसिंह बोहरा र २ बाट गजेन्द्रबहादुर शाहीलाई उम्मेदवार बनाएको छ । दुवै एमालेका नेता हुन् । सात वटा पालिका रहेको डडेल्धुरामा स्थानीय तहको निर्वाचनमा पाँच नेपाली कांग्रेस र दुई पालिकामा माओवादी केन्द्र विजयी भएको थियो ।रासस

# निर्वाचनलाई उत्सवका रुपमा लिऔँ : मन्त्री कार्की

विराटनगर । सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले निर्वाचन प्रतिस्पर्धात्मक भए पनि यसलाई उत्सवका रूपमा लिनुपर्ने बताउनुभएको छ । सुनसरीको भोक्राहा गाउँपालिका-१ स्थित वाम-लोकतान्त्रिक गठबन्धनको संयुक्त प्रचार-प्रसार कार्यालयको उद्धाटन कार्यक्रममा उहाँले भन्नुभयो, ँजहिले पनि जनताको चाहना र आवश्यकतालाई शिरोधार्य गरेर काम गरिरहेको छु । सामाजिक एकतालाई धमिल्याउने र विखण्डता ल्याउने विचार पोख्ने नेता तथा दलसँग सावधान रहनुपर्छ ।

सुनसरी निर्वाचन क्षेत्र नं ४ का उम्मेदवारसमेत रहनुभएका मन्त्री कार्कीले भूमिहीनहरूको आवाजलाई मुखरित गर्न र लोकतन्त्रका लागि आफूले जेल जीवन बिताएको प्रसङ्ग उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, ँराजनीति मेरा लागि व्यवसाय र पेशा होइन, सेवा हो ।' मन्त्री कार्कीले खोक्रो र झुट्टा आश्वासनले राजनीतिक संस्कार नबस्ने भन्दै आफूले गर्न सक्ने कुरा मात्र बोलेको स्पष्ट पार्नुभयो । आफ्नो निर्वाचन क्षेत्रमा आइटीसँग जोड्ने गरी स्मार्ट विद्यालय सञ्चालनमा ल्याउने उहाँको प्रतिबद्धता छ ।

निर्वाचन क्षेत्र नं ४ (२) का उम्मेदवार हाजी डा इस्राइल मन्सुरीले समाज र राष्ट्रको मुहार फेर्न गठबन्धन दलका उम्मेदवार जित्नुपर्ने भन्नुभयो । उहाँले जनताले कसैको बहकावमा नलागी सच्चा र इमान्दार उम्मेदवारलाई जिताउन सकेमा मात्र यस क्षेत्रको सोचेअनुसारको विकास हुने दाबी गर्नुभयो ।रासस

# संविधान कार्यान्वयनसँगै आर्थिक विकास आवश्यक : नेता सिंह

काठमाण्डु । नेपाली कांग्रेसका नेता प्रकाशमान सिंहले संविधान कार्यान्वयनसँगै आर्थिक विकासका लागि सत्ता गठबन्धनलाई मत दिन आवश्यक रहेकोबताउनुभएको छ ।

सङ्घीयताअनुसारको तीनै तहलाई अधिकार सम्पन्न गर्न संविधान अधिकारसूचीअनुसार कानून बनाउन आवश्यक रहेको उहाँको भनाइ छ ।काठमाडौँ क्षेत्र नं.१ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार रहनुभएका सिंहले संसद् को एक कार्यकाल संविधान जोगाउनमा लागेको बताउनुभयो ।


"संसद्को दुई कार्यकाल संविधान लेखनमा गयो, एक कार्यकाल संविधान जोगाउनै लाग्यो, अब कार्यान्वयनमा लैजानुपर्‍यो", शनिबार भएको



प्रचारप्रसार कार्यक्रममा उहाँले भन्नुभयो ।रासस

# बहुमत गठबन्धनको पक्षमा : कांग्रेस प्रवक्ता महत

कैलाली । नेपाली कांग्रेसका केन्द्रीय सदस्य एव् प्रवक्ता डा प्रकाशशरण महतले मङ्सिर ४ गते हुने निर्वाचनमा बहुमत गठबन्धनको पक्षमा आउने बताउनुभएको छ ।



नेपाल प्रेस युनियन कैलालीले आज धनगढीमा आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै संविधानको रक्षा, स्थिरता र समृद्धि सुनिश्चित गर्दछ भन्ने कुरा पनि यो छोटो समयको गठबन्धनको सरकारले सङ्केत गरिरहेको उहाँले उल्लेख गर्नुभयो ।

प्रवक्ता महतले नेपाली जनताको पूर्ण म्यान्डेड र अनुमोदनका साथ नेपाली कांग्रेसको नेतृत्वमा सरकार बन्दा जुन लोकतान्त्रिक मूल्य र मान्यतामाथि यस भन्दा अघिको सरकारद्वारा प्रहार गरिएको थियो त्यो अहिले रोकिएको बताउनुभयो । उहाँले भन्नुभयो, "अहिले देश एउटा सही बाटोमा उन्मुख छ ।" नेता महतले अहिले देशमा सहिष्णु नेतृत्वको आवश्यकता रहेको र त्यो नेतृत्व पनि नेपाली कांग्रेसका पार्टी सभापति तथा अहिलेका प्रधानमन्त्रीले दिन सक्नुहुन्छ भन्ने विश्वास व्यक्त गर्नुभयो ।रासस

# जनप्रतिनिधिले गलत काम गरे छानविन समिति गठन गर्नुपर्छः नेता पौडेल

काठमाण्डु । नेपाली कांग्रेसका नेता प्रदीप पौडेलले जनप्रतिनिधिले गलत काम गरे नागरिक अगुवा सम्मिलित छानविन समिति गठन गर्नुपर्ने बताउनु भएको छ ।



नेपाली कांग्रेसका नेता प्रदीप पौडेलले जनप्रतिनिधिले गलत काम गरे नागरिक अगुवा सम्मिलित छानविन समिति गठन गर्नुपर्ने बताउनुभएको छ ।

काठमाडौँ निर्वाचन क्षेत्र नं ५ विशालनगरमा बुद्धिजीवी तथा पेशागत समूहले आज आयोजना गरेको 'बृहत् अन्तरक्रिया तथा साक्षात्कार' कार्यक्रममा उहाँले यस्तो बताउनुभएको हो । नेता पौडेलले पाँच वर्षका लागि निर्वाचित सांसद गलत काममा मुछियो भने फिर्ता बोलाउन पाउने व्यवस्था हुनुपर्ने बताउनुभयो ।

उहाँले निर्वाचन जितेको एक वर्षभित्र जनताको समस्या समाधान गर्ने प्रतिबद्धता समेत व्यक्त गर्नुभएको छ । एक वर्षभित्र बाटोघाटो, खानेपानी, स्वास्थ्यलगायतका समस्या समाधान गर्ने उहाँको भनाइ छ ।

उहाँले काठमाडौँ निर्वाचन क्षेत्र नं ५ का जनताको समस्या थाहा पाउन 'सांसद एप' निर्माण गर्ने बताउनुभयो । "सांसद एपमार्फत् समस्या छिटो थाहा हुने भएकाले तत्काल समाधान गर्न सकिन्छ", उहाँले भन्नुभयो । पौडेलले सांसद विकास कोषको पैसालाई कहाँ लगानी गर्ने भन्नेबारे नागरिक अगुवा समिति निर्माण गर्ने उहाँको भनाइ छ ।रासस

# निर्वाचनपछि सातै प्रदेशमा गठबन्धन सरकार : गृहमन्त्री खाण

रुपन्देही । गृहमन्त्री बालकृष्ण खाणले मङ्सिर ४ गतेको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनपछि सातै प्रदेशमा गठबन्धन सरकार बन्ने बताउनुभएको छ । नेकपा (माओवादी केन्द्र)ले शनिवार भैरहवामा आयोजना गरेको बृहत् कार्यकर्ता भेलामा रुपन्देही क्षेत्र नं ३ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवारसमेत रहनुभएका खाणले देश विकासका लागि सङ्घसहित सातै प्रदेशमा पाँचदलीय गठबन्धनले सरकार बनाउने बताउनुभयो ।

गृहमन्त्री खाणले लामो सङ्घर्षपश्चात् प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई थप मजबुत बनाउँदै नागरिकको अवस्था परिवर्तन गर्न पाँचदलीय गठबन्धन बनेको र यसको जित अत्यावश्यक रहेको औँल्याउनुभयो । उहाँले गठबन्धनले जितेमा प्राप्त उपलब्धि उल्टन सक्नेतर्फ सचेत हुनुपर्ने बताउनुभयो । बेला-बेलामा नेपाली कांग्रेस र वामपन्थी शक्ति मिलेर नेपालमा ठूला-ठूला राजनीतिक परिवर्तन भएको उहाँले उल्लेख गर्नुभयो ।

विसं २०४६ मा निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य र बहुदलीय प्रजातन्त्रको आगमन, २०६०/६२ को संयुक्त आन्दोलनबाट निरंकुश राजतन्त्रको अन्त्य र १२ बुँदे सहमति यसैको परिणाम भएको उहाँको भनाइ छ । माओवादीलाई शान्तिपूर्ण प्रक्रियामा ल्याउन र राजतन्त्रलाई हटाउन स्व गिरिजाप्रसाद कोइराला र पुष्पकमल दाहाल 'प्रचण्ड'बीचको आपसी वार्ता र पहलबाट मात्र सम्भव भएकाले दुवै नेताको ठूलो योगदान रहेको उहाँले बताउनुभयो ।

नेकपा (माओवादी केन्द्र)का केन्द्रीय सदस्य पूर्वमन्त्री एवं समानुपातिकतर्फका प्रतिनिधिसभा उम्मेदवार हकिकुल्लाह खाँले मुलुकको समृद्धि, विकास र जनजीविका परिवर्तनका लागि पाँचदलीय गठबन्धनलाई जिताउन आग्रह गर्नुभयो । क्षेत्र नं ३ (१)का प्रदेशसभा उम्मेदवार लोकतान्त्रिक समाजवादी पार्टीका नेता सन्तोषकुमार पाण्डेयले गठबन्धन सरकारले देशको हितमा काम गर्ने बताउनुभयो ।रासस

# कतार र सहभागी टीमको प्रशंसा गर्ने विश्वकप आयोजकद्वारा दर्शक भर्ना गरेको आरोप

**एएफपी**

पेरिस । विश्वकप आयोजकले कतार र सहभागी राष्ट्रका लागि 'चियरलिडर'को रूपमा काम गर्न प्रशंसकहरू भर्ती गर्ने योजना ल्याएको भन्दै यसको विरोध गरिएको छ।

'चियरलिडर'को रूपमा काम गर्न स्वीकार गर्ने प्रशंसकहरूले निः शुल्क होटल कोठाहरू, खेलका टिकटहरू र दैनिक भत्ता दिने योजना रहेको बताइएको छ। एएफपीलाई प्राप्त समर्थकहरूको खाता र कागजात अनुसार यसको बदलामा उनीहरूले उद्घाटन समारोहलाई जीवन्त बनाउने र आयोजक देशको बारेमा सामाजिक सञ्जालमा सकारात्मक टिप्पणी पोस्ट गर्नेछन्।

विश्व कप फुटबलको आयोजकले एक विज्ञप्ति जारी गर्दै कतारले विश्वकपमा भाग लिनका लागि ३२ प्रतिस्पर्धी राष्ट्रका समर्थकलाई भुक्तानी दिइरहेको पुष्टि गरे पनि खेलबारे सकारात्मक प्रशंसा गर्नका लागि भनेर कतारले पैसा तिरेको भन्ने समाचार 'सरासर गलत' भएको बताएको छ।




अन्य खेलकुद प्रतियोगिताहरूले पनि यही प्रणाली प्रयोग गरी खेललाई रोचक बनाउने गरिएको आयोजकको दावी छ।

कतारले सयौं फुटबल ब्लगर, खेलसँग सम्बद्ध प्रभावकारी व्यक्तित्व र 'फ्यान एसोसिएसन'का नेताहरूलाई ' फ्यान लिडर्स' बनाउने प्रस्ताव भने गरेको बताइएको छ।

सन् २०२१ मा सम्पर्क गरिएका फ्रेन्च इरेसिस्टिबल्स (फ्रान्सेली खेल प्रशंसकको एक समूह)का प्रवक्ता फेबियन बोनेलले भन्नुभयो, "हामीले यो डकुमेन्ट पढ्दा अनौठो लागेको थियो । बोनेलले भन्नुभयो, "उनीहरू चाहन्थे कि हामी फ्रान्सेली प्रशंसकहरूको समूह बनेर उनीहरूलाई प्रोत्साहन दिऔं र कतारमा हुने यो विश्वकपलाई सफल पार्न मद्दत गरौं।'

यसबारे अन्य समूहहरूले पनि असहज महशुस गरेका छन्। "एउटा कुरा पक्का छ, धेरैले अस्वीकार गरेका छन्,' फुटबल समर्थक युरोप नेटवर्कका रोनान इभानले भन्नुभयो। यी प्रस्तावहरू 'साँचो प्रशंसक संस्कृतिबाट टाढा' भएको उहाँले बताउनुभयो।

यद्यपि ५९ राष्ट्रका ४५० भन्दा बढी समर्थकले हस्ताक्षर गरेको आयोजक समितिले जनाएको छ।

उनीहरूले फ्यान लिडर नेटवर्कमा सामेल हुनु 'स्वैच्छिक र अवैतनिक भूमिका' भएको बताएका छन् । प्रत्येक फ्यान लिडरले नोभेम्बर २० मा हुने उद्घाटन खेलमा आमन्त्रित प्रत्येक प्रतिस्पर्धी राष्ट्रबाट ३० देखि ५० जनासम्मलाई छानेका थिए।

उनीहरुलाई कतार लगेर एउटा कोठामा दुई जना राखिने आयोजकले जनाएको छ । प्रिलोडेड भिसा कार्डमा उनीहरूले दैनिक ६८ अमेरिकी डलर पनि प्राप्त गर्नेछन्। बदलामा उनीहरूले उद्घाटन समारोहलाई जीवन्त बनाउने र आचारसंहितामा हस्ताक्षर गर्ने अपेक्षा गरिएको छ।


आयोजकको 'सुप्रिम कमिटी फर द डेलिभरी एण्ड लिगेसी'ले तयार पारेको एउटा दस्तावेजमा भनिएको छ, "समारोहको बीचमा प्रत्येक राष्ट्रबाट फ्यानको नारा बजाइनेछ र तपाईं खडा हुनुहुनेछ, सहभागीको गुणगान गाउनुहुनेछ, आफ्नो झण्डा फहराउनुहुनेछ र तपाईंको देशको प्रतिनिधित्व गर्नुहुनेछ । क्यामेराले पालैपालो प्रत्येक राष्ट्रिय फ्यानसमूहमा ध्यान केन्द्रित गर्नेछ।

प्रशंसकहरूले अरब राष्ट्र कतारमा पहिलो विश्वकपमा केही फुटबल वातावरण थप्न सक्दछन् । "यो विश्वकपको मूल्य, विकटता र असहजतालाई ध्यानमा राख्दै, प्रशंसकहरू क्लासिक विश्वकपमा जस्तो हुनेछैनन् । त्यसैले हामीले उनीहरूलाई रङ्गशालामा ल्याउने प्रयास गर्नुपर्छ,' फ्रान्सेली फुटबल महासङ्घनिकट स्रोतले भन्यो । "उद्घाटन समारोहमा उनीहरूलाई रङ चाहिन्छ, समर्थकलाई टिम शर्ट चाहिन्छ । राम्रो दृष्यले खेलबारे सकारात्मक प्रभाव पार्न सक्छ।

# मधेशबाट लुम्बनी १३ रनले पराजित, एपिएफ सेमिफाइनलमा,

**टुडे समाचारदाता**

काठमाण्डु । कर्णाली प्रदेशमाथि ४४ रनको जित निकाल्दै विभागीय टोली एपिएफ काठमाडौंमा जारी प्रधानमन्त्री कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ।




कीर्तिपुरस्थित त्रिभुवन विश्व विद्यालयको मैदानमा शनिबार भएको खेलमा कर्णालीलाई ४४ रनले हराउँदै एपिएफ अन्तिम चारमा प्रवेश गरेको हो । एपीएफले दिएको २ सय ३५ रनको लक्ष्यसहित जवाफी ब्याटिङ गरेको कर्णाली ४८ ओभर १ बलमा सबै विकेट गुमाएर १ सय ९० रनमा समेटियो। कर्णालीका लागि रविन्द्र शाहीले सर्वाधिक ८० रनको अर्धशतकीय इनिङ खेले पनि टोलीलाई जिताउन सकेनन्।

यस्तै विपिन शाहीले ३४ रन जोड्दा अर्जुन घर्तीले २४ तथा दिनेश अधिकारीले २० रन बनाए। एपीएफका मौसम ढकालले ४ विकेट लिए। कमल ऐरी र भुवन कार्कीले २-२ विकेट हात पारे। त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको एपीएफले आसिफ शेखको शतकीय पारीको सहयोगमा ४७ ओभर २ बलमा अलआउट हुँदै २ सय ३४ रन बनाएको थियो। एपीएफका लागि आसिफ शेखले १ सय ३० रनको शतकीय इनिङ खेले। १ सय ३६ बलको सामना गरेका आसिफले १५ चौका र एक छक्का प्रहार गरेका थिए। यस्तै भुवन कार्कीले २३ रन जोड्दा प्रदीप ऐरीले २० रन बनाए। लोकेश बम र दीपक बोहराले १०-१० रन बनाए।

कर्णालीका दीपेन्द्र रावत र प्रकाश जैसीले ३-३ विकेट लिए। दिवन पुनले २ विकेट हात पारे। यो जितसँगै एपीएफले ४ खेलमा ७ अंक जोडेर अन्तिम चारमा स्थान पक्का गरेको हो। एपीएफ शीर्ष स्थानमा रहेको छ। कर्णालीले भने लगातार दोस्रो हार भोगेको छ । प्रतियोगिता अन्तर्गत शनिबार मुलपानी मैदानमा सम्पन्न खेलमा मधेस प्रदेशले लुम्बिनी प्रदेशलाई ९२ रनले हरायो। मधेसले दिएको २ सय ६० रनको लक्ष्य पछ्याएको लुम्बिनी ४९.१ ओभरमा सबै विकेट गुमाएर मात्र १ सय ६७ रन बनाउन सक्यो।

लुम्बिनीका लागि विशाल विक्रम केसीले सर्वाधिक ३४ रनको पारी खेल्दा कृष्ण कार्कीले ३१, सन्दिप रिजालले २३ र बसिर अहम्मद तथा मोहम्मद हुसेनले समान १५ रनको पारी खेलेका थिए। यस्तै अभिषेक गौतम २ रनमा अविजित रहे । लुम्बिनीको इनिङलाई सस्तैमा रोक्ने क्रममा मधेसका राजेश यादव र प्रदीप पासवानले समान ३-३ विकेट लिए। यस्तै हरिशंकर साहले दुई विकेट निकाल्दा रुपेश सिंहको नाममा एक विकेट रह्यो।

यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको मधेसले ४८.४ ओभरमा सबै विकेट गुमाएर २ सय ५९ रन बनाएको थियो। ओपनर सन्तोस कार्की र हरिशंकर साहले अर्धसतकीय पारी खेले । सन्तोषले ५० रन बनाउँदा हरिशंकरले ७६ रनको व्यक्तिगत स्कोर बनाएका थिए। यस्तै अनिल साहले पनि अर्धसतकीय पारी खेल्दा विवेक यादवले २१, मोहम्मद आदिल अलामले १२ रन जोड्नुबाहेक अन्यले राम्रो स्कोर बटुल्न सकेनन्।

मधेसको सबै विकेट निकाल्ने क्रममा कृष्ण काकीले सर्वाधिक ३ विकेट हात पारे। अनिल खरेलले २ विकेट निकाल्दा बसिर अहम्मद, देव खनाल, मोहम्मद हुसेनको नाममा एक-एक विकेट रह्यो । प्रतियोगितामा आईतबार पनि दुई खेल हुनेछन्। मुलपानी क्रिकेट मैदानमा गण्डकी प्रदेश र त्रिभुवन आर्मी क्लव तथा कीर्तिपुर मैदानमा प्रदेश १ र लुम्बिनी प्रदेशबीच खेल हुनेछ।

# पिट्सवर्ग च्यालेन्ज कपको उपाधि बेलवारी एफसीलाई

पथरी । मोरङको पथरी शनिश्चरेमा सम्पन्न पिट्सवर्ग च्यालेन्ज कपको उपाधि साबिक विजेता बेलवारी एफसीले चुमेको छ।

शुक्रबार सम्पन्न फाइनल खेलमा चारतारे फुटबल क्लब लेटाङलाई 'टाइब्रेकर'मा २-४ हराउँदै बेलवारीले उपाधि चुमेको हो । निर्धारित समय गोलरहित बराबरीमा टुङ्गिएपछि खेलको निर्णय टाइब्रेकरबाट भएको थियो।

टाइब्रेकरमा बेलवारी एफसीका मैसम सुब्बा, अभिषेक गुरुङ, सुरज राई र निशान लिम्बूले गोल गरे भने विल्सन गिरीको प्रहार विपक्षी गोलरक्षक टेकेन्द्र थापाले बचाएका थिए।

चारतारे लेटाङका लागि अशोक खवार र जय गुरुङले गोल गरेका थिए । सुशील राईको प्रहार बेलवारीका गोलरक्षक किशोर गिरीले बचाएका थिए भने अभिषेक लिम्बूको प्रहार बाहिरिएको थियो।

प्रतियोगिताको विजयी टोली बेलवारी एफसीले नगद रु दुई लाख एकका तथा उपविजेता चारतारे लेटाङले नगद रु एक लाख एक हजार साथ मेडल, ट्रफी तथा प्रमाणपत्र प्राप्त गरेको छ।

खेलको 'म्यान अफ दी म्याच' र 'बेस्ट गोल किपर बेलबारी एफ सी'का गोलरक्षक किशोर गिरी घोषित भए । प्रतियोगितामा बेलवारीका राजकुमार राई 'बेस्ट कोच' घोषित हुँदै नगद रु पाँच हजार प्राप्त गरे । विवेक पौडेल 'बेस्ट प्लेयर' घोषित भई नगद सात हजार पाँच सय प्राप्त गरेका छन्।

लेटाङका भुवन बस्नेत 'बेस्ट फरवार्ड' अभिषेक लिम्बू 'वेस्ट डिफेन्डर' जय गुरुङ 'बेस्ट मिड फिल्डर' घोषित भई जनही रु पाँच/पाँच हजार प्राप्त गरे।

प्रतियोगिताको विजयी टोली र खेलाडीलाई नगरप्रमुख मोहन तुम्वापोले पुरस्कृत गर्नुभएको थियो।

लामो समय नेपालमा रही तेस्रो मुलुक पुनः स्थानान्तरण भएका नेपाली भाषी भूटानी शरणार्थीहरूको सहयोगमा गत वर्षदेखि पिट्सवर्ग च्यालेन्ज कप सञ्चालन हुँदै आएको छ।रासस

# 'युक्रेन युद्ध कूटनीतिले मात्र अन्त्य गर्न सक्छ'



**एपी**

संयुक्त राष्ट्रसङ्घ । युक्रेन युद्ध वार्ता र कूटनीतिक माध्यमबाट मात्र अन्त्य गर्न सकिने विश्व नेताहरूले बताएका छन् । युद्धमैदानबाट कुनै पनि पक्ष विजयी नहुने पनि उनीहरूले बताएका छन्। नेल्सन मण्डेलाद्वारा स्थापित 'द एल्डर्स' भनेर चिनिने समूहसँग आबद्ध विश्वका प्रबुद्ध पूर्व नेताहरूले संवाद र कूटनीतिले विनाशकारी युक्रेन युद्धको अन्त्य गर्न सक्ने बताएका हुन्।

समूहले उक्त सन्देश युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीलाई दिएको तथा द्वन्द्वबाट बाहिर निस्कने उपायबारे विचार गर्न सुझाएको समूहका अध्यक्ष आयरल्याण्डका पूर्वराष्ट्रपति मेरी रोबिन्सनले बताउनुभएको छ । मानव अधिकारका लागि संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तको रूपमा सेवा गरिसक्नु भएकी उहाँले दुवै पक्षमा सैन्य हतियार बढाउने होडबाजीको अन्त्य गर्न अपरिहार्य भएको बताउँदै त्यसमा विचार गर्न अनुरोध गरिएको एपीका वरिष्ठ अधिकारीलाई बताउनुभयो।

समूहले युक्रेनमाथि रूसले गरेको आक्रमणलाई संयुक्त राष्ट्रङ्घको बडापत्रको स्पष्ट उल्लङ्घन, विश्व शान्ति र सुरक्षालाई अस्थिर बनाउने अनुचित कार्य भन्दै त्यसको निन्दा गरेको छ। रूसको युक्रेनका चार क्षेत्रलाई अवैधरूपमा आफूमा विलय गरेकामा त्यसको पनि समूहले निन्दा गरेको छ। युक्रेनले आफ्नो क्षेत्र र सार्वभौमिकताको रक्षा गर्ने अधिकारको रक्षा गरेको समूहको ठहर छ।

संयुक्त राष्ट्रसङ्घका पूर्व मानवअधिकार आयुक्त जेइद राद अल हुसेनले युद्धबाट बाहिर निस्कने कूटनीति र वार्ता नै एक मात्र उपाय भएको बताउँदै उहाँले रूसी आक्रमणको शिकार बनेको युक्रेनलाई आफ्नो सार्वभौमसत्ता त्याग भन्ननसकिने परिस्थिति उत्पन्न भएको यथार्थ प्रस्तुत गर्नुभयो। वर्तमान द्वन्द्वको समाधान 'अर्कोदिशाबाट' हुनसक्ने सङ्केत गर्दै उहाँले पश्चिमा शक्तिहरू रूसप्रति केही नरम भएमा निकास निस्कनसक्ने बताउनुभयो। उत्तर एटलान्टिक सन्धि सङ्गठन (नाटो) तर्फ सङ्केत गर्दै उहाँले त्यसो भन्नुभएको हो।

रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले पनि लामो समयदेखि पश्चिमी गठबन्धनले आफ्नो सिमाना नजिक युद्ध धकेलेको गुनासो गर्दै आएको सन्दर्भ जोड्दै उहाँले त्यसो भन्नुभएको हो । मेक्सिकोका पूर्व राष्ट्रपति अर्नेस्टो जेडिलोले युरोपेली सङ्घ र संयुक्त राज्य अमेरिकाले रूसमाथि आर्थिक प्रतिबन्ध लगाए पनि युद्धका निम्ति वित्तीय सहायता जारी रहेको तथा उसले तेलबाट पनि राजस्वको ठूलो हिस्सा प्राप्त गरिरहेको बताउनुभयो।

# बेलायतको अध्यागमन केन्द्रमा बम आक्रमण 'आतङ्कवादी सोचबाट प्रेरित' : प्रहरी

**एएफपी**

लण्डन । बेलायतको एक आप्रवासी प्रशोधन केन्द्रमा गत हप्ता भएको बम विस्फोट ' आतङ्कवादी सोचबाट प्रेरित' भएको आतङ्कवाद विरोधी प्रहरीले शनिबार जनाएको छ । काउन्टर टेररिज्म पुलिसिंग साउथ ईस्ट (सीटीपीएसई) ले गत आइतबार (३० अक्टोबर २०२२) मा डोभरको एक अध्यागमन केन्द्रमा भएको आक्रमण आतङ्कवादी विचारधाराबाट प्रेरित भएको प्रमाणहरू फेला परेको छ,' सङ्गठनले एक वित्राप्ति जारी गरी जनाएको छ।

उपकरणहरूसहित बरामद गरिएका प्रमाणहरूले 'आक्रमणको पछाडि चरम दक्षिणपन्थी प्रेरणा थियो' भन्ने सङ्केत गर्दछ। सीटीपीएसईका वरिष्ठ राष्ट्रिय संयोजक टिम ज्याक्सले भन्नुभयो, "मानसिक स्वास्थ्य सम्भवतः एक कारक हो भन्ने बलियो सङ्केतहरू छन्। तर संदिग्धको कार्यहरू मुख्यतया अतिवादी विचारधाराबाट प्रेरित थिए भन्न सकिन्छ।यसले 'आतङ्कवादी घटनाका लागि थ्रेसहोल्ड' पूरा गरेको उहाँले बताउनुभयो । डोभरस्थित वेस्टर्न जेट फोइल बोर्डर फोर्स सेन्टरमा घरेलु हतियार फ्याँकिँदा दुई जना कर्मचारी सामान्य घाइते भएका थिए।

दक्षिणपूर्वी इङ्ल्याण्डको व्यस्त बन्दरगाह शहरमा रहेको आवतजावतको सुविधाले उत्तरी युरोपबाट साना डुङ्गाहरूमा च्यानल पार गरेका आप्रवासीहरूलाई अघि बढ्न सहयोग गर्ने गर्दछ । उक्त आक्रमण ६६ वर्षीय एक व्यक्तिले गरेका र उनी पछि मृत अवस्थामा भेटिएका थिए । विज्ञप्तिमा भनिएको छ, "अपराधीले अरु कोहीसँग मिलेर काम गरिरहेको भन्ने कुरा अहिले केही पनि छैन र नागरिकका लागि कुनै ठूलो खतरा देखिँदैन।'

बेलायती सरकारले अहिले उत्तरी युरोपबाट साना डुङ्गामा च्यानल पार गर्ने उच्च सख्याका आप्रवासीहरूको सामना कसरी गर्ने भनेर छलफल चलाइरहेको छ । सन् २०१९ को सुरुदेखि अहिलेसम्म कूल ३८ हजार मानिसले जोखिमपूर्ण यात्रा गरेको सरकारको गृह मामिला चयन समितिलाई अक्टोबर २६ मा जानकारी गराइएको थियो।

# इरानमा हिजाब विरोधी प्रदर्शनमा बालबालिकासहित १० जनाको मृत्यु

**एएफपी**

तेहरान । इरानको दक्षिणपूर्वी क्षेत्रमा हिजाबविरोधी प्रदर्शनविरुद्ध शुक्रबार भएको प्रदर्शनमा बालबालिकासहित कम्तीमा १० जनाको मृत्यु भएको छ । रिपोर्टमा भनिएको छ, "इरानी सुरक्षा बलले सिस्तान र बलुचिस्तान प्रान्तको मुख्य शहरमा गभर्नरको कार्यालयको छत र अन्य धेरै भवनहरूबाट शान्तिपूर्ण प्रदर्शनकारीहरूमाथि गोली चलाएको थियो।



इरानी सरकारी सञ्चारमाध्यम र अधिकारवादी समूहका अनुसार खाशलगायत दक्षिणपूर्वी इरानका विभिन्न सहरमा शुक्रबार अधिकारीहरूविरुद्ध भएको प्रदर्शन हिंसात्मक बनेको छ । सरकारी सञ्चारमाध्यमले सार्वजनिक गरेको शहरको एउटा भिडियोमा भवनबाट धुवाँको मुस्लो उठिरहेको देखिएको छ । समूहले भनेको छ, "इन्टरनेट अवरोध र जाहेदानबाट खाशमा थप सुरक्षा बल ल्याउने अधिकारीहरूको तयारीबीच थप रक्तपात भएकोमा हामीलाई गम्भीर चिन्ता लागेको छ।'

उहाँले भन्नुभयो, "इरानका अधिकारीहरूले तत्काल सुरक्षा फौजमाथि लगाम लगाउनुपर्छ। संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रहरूले तत्काल इरानका राजदूतहरूसँग चासो राख्नुपर्छ र संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद्द्वारा स्वतन्त्र अनुसन्धान संयन्त्र को स्थापनाका लागि पहल गर्नुपर्दछ। खाशबाट इरानीवायर नामक अधिकारकर्मीले सीएनएनलाई शेयर गरेको भिडियोमा पृष्ठभूमिमा ठूलो आवाजमा गोली चलेपछि कैयौं प्रदर्शनकारी घाइते र अचेत अवस्थामा रहेको देखिन्छ।


यसैबीच, देशको अर्ध-सरकारी फार्स समाचार एजेन्सीले ट्विटरमा जलेका कारहरू र क्षतिग्रस्त भवनहरूको तस्वीरहरू पोस्ट गरेको छ। तस्बीरको क्याप्सनमा प्रदर्शनकारीहरूलाई क्षतिको लागि जिम्मेवार ठहऱ्याइएको उल्लेख छ । फार्सले ट्वीटमा भनेको छ, "खाशमा शुक्रबार भएको अशान्तिका क्रममा कैयौं व्यक्तिको मृत्यु भएको छ र घाइते भएका छन्।

तेहरानमा प्रहरीले हिरासतमा लिएकी २२ वर्षीया कुर्दिश महिला महसा अमिनीको मृत्युको विरोधमा देशव्यापी विरोध प्रदर्शन भइरहेका बेला शुक्रबार हिंसा भएको हो । सिएनएनका अनुसार प्रहरी प्रमुखले एक बलोच बालिकालाई बलात्कार गरेको आरोप लागेपछि हालै सिस्तान र बलुचिस्तानराज्यको राजधानी जाहेदानमा पनि ठूलो सङ्ख्यामा प्रदर्शन भएका छन् । पाकिस्तान र अफगानिस्तानको छिमेकी यो प्रान्तमा लामो समयदेखि उत्पीडनमा परेका सुन्नी मुस्लिम बलोच जातीय अल्पसङ्ख्यक समुदायका सदस्यहरू बसोबास गर्छन् र यो क्षेत्र लामो समयदेखि अशान्त रहेको छ।

# युक्रेन द्वन्द्वअघि रुसलाई ड्रोन पठाएको इरानी विदेशमन्त्रीको स्वीकारोक्ति

**सिन्ह्वा**

तेहरान । इरानका विदेशमन्त्री हुसेन आमिर अब्दुल्लाहियानले युक्रेन द्वन्द्व सुरु हुनुभन्दा केही महिनाअघि नै इरानले रुसलाई सीमित संख्यामा ड्रोन उपलब्ध गराएको बताउनुभएको छ।



इरानको सरकारी समाचार संस्था आइआरएनएले अमिर अब्दोल्लाहियानलाई उद्धृत गर्दै भनेको छ, "हामीले रूसलाई दिएको ड्रोन युक्रेन युद्ध सुरू हुनुभन्दा केही महिनाअघिका हुन् र यदि रुसले युक्रेनविरुद्धको युद्धमा इरानी ड्रोन प्रयोग गरेको प्रमाणित भयो भने हामी त्यसप्रति अनौठो मान्ने छैनौं।' शनिबारदेखि इरानको राजधानी तेहरानमा सुरु भएको बैठकमा इरानी वरिष्ठ कुटनीतिज्ञले भन्नुभयो, "हामी युक्रेनी विदेशमन्त्रीसँग सहमत भएका छौं कि यदि उनीहरूसँग रुसले युक्रेनमा इरानी ड्रोन प्रयोग गरेको कुनै कागजात छ भने उनीहरूले हामीलाई उपलब्ध गराउनुपर्छ।'

युक्रेन र संयुक्त राज्य अमेरिकाजस्ता पश्चिमी राष्ट्रहरूले हालैका हप्ताहरूमा तेहरानले युक्रेनमा जारी द्वन्द्वमा प्रयोग गर्न मस्कोमा आत्मघाती ड्रोन निर्यात गरेको आरोप लगाएपछि इरानी विदेशमन्त्रीको टिप्पणी आएको हो । शनिबार अब्दुलाहियानले रूसलाई इरानी क्षेप्यास्त्र आपूर्तिबारे पश्चिमा 'मिडिया हाइप'लाई अस्वीकार गर्दै भन्नुभयो, "क्षेप्यास्त्रका बारेमा उनीहरूले जे भनेका छन्, त्यो सरासर गलत छ।'

उहाँले रूस-युक्रेन सङ्कट समाधानका लागि इरानको अडान दोहोऱ्याउँदै दुवै देशबीच राजनीतिक संवादका लागि आह्वान गर्नुभएको छ।

संयुक्त राष्ट्रसङ्घको बडापत्रको संरक्षण, संवर्द्धन र प्रतिरक्षा गर्ने उद्देश्यका साथ भन्दै मार्च २०२१ मा १९ सहयोगी राष्ट्रहरूहरूको समूह गठन भएको छ।



सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका वडा नं १ स्थित तिलाठी गाउँबाट जिल्लाको उत्तरी भेगमा देखिएको तराई र पहाडको सुन्दर दृष्य । तस्विर : रासस

# ट्विटरले हटायो साढे तीन हजार कर्मचारी

एजेन्सी

काठमाण्डु । सामाजिक सञ्जाल ट्विटरका नयाँ मालिक एलन मस्कले आफ्ना ७ हजार ५ सय कर्मचारी मध्ये आधालाई हटाएका छन्। एएफपी अनुसार कम्पनीले शुक्रबार ५० प्रतिशत कर्मचारी कटौती गरेको हो।

मस्कले लागत घटाउनको लागि ट्वीटर इंकमा आधा कार्यबल कटौती गर्ने बताउँदै आएका थिए। उनले कम्पनीले चार मिलियन डलर गुमाएकोले कर्मचारी कटौतीको विकल्प नरहेको बताएका छन्।

'ट्वीटरमा काम गर्ने मेरो समय सकिएको खबर सुनेर उठेँ। म दुःखी छु। म अन्योलमा छु', अमेरिका र क्यानडाका लागि ट्वीटरका सार्वजनिक नीति निर्देशक मिशेल अस्टिनले एएफपीसँग भने।

यसअघि ट्वीटरका सिइओ मस्कले आफ्ना अन्य कम्पनीका कर्मचारीलाई सामाजिक सञ्जाल काम गर्न अख्तियार प्रदान गरेको विवरण सार्वजनिक भएको थियो। यसमा टेस्लाका ५० कर्मचारीहरू समावेश छन्। ट्विटरले आफ्ना कर्मचारीहरूले कार्यालयहरू केही समयका लागि बन्द हुने र कर्मचारीहरूले पाउने पहुँच पनि रोकिने बताएको छ।



४४ अर्ब अमेरिकी डलरमा ट्विटर किनेका मस्कले मालिक बनेसँगै सिइओसहित उच्च कर्मचारीलाई बर्खास्त गरेका थिए।

ट्विटरको खर्च कटौती गर्न उनले कर्मचारी हटाउन लागेका हुन्। खर्च कटौती गर्ने, निलो टिकबापत् मासिक ८ डलर शुल्क लिने र ट्विटरबाट किनमेललगायत दैनिक जीवनका धेरै काम गर्न सकिने सुपर एप बनाउने मस्कको योजना छ।

यसैबीच मस्कले ट्वीटरको कम आम्दानीका लागि अभियन्ता समूहहरूलाई दोष दिएका छन्। कम्पनीले खर्च कटौती गर्न कर्मचारी कटौती गरेसँगै अभियन्ता समूहहरूले विज्ञापनदाताहरूलाई ट्विटरको आय कटौती गर्न दबाब दिइरहेको मस्कले आरोप लगाएका छन्।

'ट्विटरको कमाई निकै कम भएको छ। अभियन्ता समूहहरूले विज्ञापनदाताहरूलाई दबाब दिइरहेका छन्, जबकी सामग्री मोडरेसन अपरिवर्तित छ र हामीले अभियन्ताहरूलाई खुसी पार्न सबै काम गरेका छौं। उनीहरुले अमेरिकामा अभिव्यक्ति स्वतन्त्रतालाई नष्ट गरिरहेका छन्,' उनले ट्वीटरमा लेखेका छन्।

# दूध उपभोक्तालाई मिल्क क्यान

बुटवल । रुपन्देहीको तिलोत्तमामा रहेको डिङ्गरनगर दूरगामी बचत तथा ऋण सहकारी संस्थाले आफ्ना उपभोक्तालाई मिल्क क्यान (दूध बोक्ने भाँडो) प्रदान गरेको छ । दूध सङ्कलन तथा बिक्री वितरण गर्दै आएको उक्त सहकारीले सञ्चालन गरेको बिक्री केन्द्रबाट दूध लैजाने नियमित उपभोक्तालाई मिल्क क्यान उपलब्ध गराएको हो ।

यस अगाडि प्लास्टिकमा बिक्री वितरण गर्दै आएको उक्त सहकारीले प्लास्टिकको प्रयोगलाई निरुत्साहित गर्नका लागि मिल्क क्यान वितरण गरिएको संस्थाका अध्यक्ष घनश्याम तिवारीले बताउनुभयो ।

उक्त सहकारीबाट नियमित दूध उपभोग गर्ने तीन सयभन्दा बढी उपभोक्ता रहेका छन् । त्यस्तै करिव २० वटा पसलले पनि नियमित दूध लैजाने र उपभोक्तालाई बिक्री वितरण गर्दै आएको सहकारीका व्यवस्थापक वसन्तप्रसाद पराजुलीले जानकारी गराउनुभयो ।

हाल सहकारीले रुपन्देहीका विभिन्न स्थान गोरकट्टा, धकधई, टिकुलीगढ समेतबाट दूध सङ्कलन गर्दै आएको छ भने सङ्कलित दूध तथा प्रशोधित दुग्धजन्य परिकार तिलोत्तमा-३ संस्थाको कार्यालयमा रहेको बिक्री केन्द्रबाट बिक्री वितरण हुँदै आएको कोषाध्यक्ष सुरेन्द्रमान बज्राचार्यले जानकारी गराउनुभयो । उहाँका अनुसार हाल संस्थाले सरदर दैनिक ६ सय लिटर दूध सङ्कलन गरी दूध तथा प्रशोधित दुग्धजन्य पदार्थ बिक्री वितरण गर्दै आएको छ ।रासस

# दश महिनामा भित्रिए झन्डै पाँच लाख पर्यटक

टुडे समाचारदाता

काठमाण्डु । सन् २०२२ को दश महिनामा झन्डै पाँच लाख पर्यटक नेपाल भित्रिएका छन्।

पर्यटन बोर्डको तथ्यांकअनुसार जनवरीदेखि अक्टोबर सम्ममा चार लाख ७३ हजार ५६३ जना पर्यटक भित्रिएका हुन्।

बोर्डकाअनुसार अक्टोबरमा मात्र ८८ हजार ५८२ जना पर्यटक भित्रिएका हुन्। यो संख्या अघिल्ला महिनाहरूको भन्दा बढी हो। यसअघि सेप्टेम्बरमा ५८ हजार पर्यटक आएका थिए।

कोरोना माहामारीपछि नेपाल घुम्न आउने पर्यटकको संख्या हालसम्मकै धेरै हो। पदयात्रा तथा पर्वतारोहणको सिजन भएकाले पनि पर्यटकको संख्या बढेको हो। अक्टोबरमा घुम्न आउनेमध्ये सबैभन्दा बढी भारतीय पर्यटक रहेका छन्।

भारतबाट १६ हजार ९१०, अमेरिकाबाट ११ हजार ८५९, बेलायतबाट ७ हजार ११७, जर्मनीबाट चार हजार ९३५ र फ्रान्सबाट चार हजार ९२९ पर्यटक आएको बोर्डको तथ्यांकले देखाएको छ।

# जलवायुसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन सुरु हुँदै, के के छन् एजेण्डा ?

काठमाण्डु । जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धि (युएनएफसीसीसी) को पक्ष राष्ट्रको २७औं सम्मेलन (कोप-२७) आइतबारदेखि सुरु हुँदैछ । सम्मेलन यही कात्तिक २० देखि मङ्सिर २ गते (नोभेम्बर ६ देखि १८ तारिख २०२२) सम्म इजिप्टको शार्म एल-शेखमा हुँदैछ ।

उक्त सम्मेलनले विज्ञानमा आधारित चुनौती र 'रियो' १९९२ देखि 'ग्लास्गो' २०२१ (कोप २६) सम्म भएका सम्झौता, निर्णय र प्रतिबद्धतामा आधारित भएर समावेशी तथा महत्वाकाङ्क्षी परिणाम दिने अपेक्षा गरिएको छ । साथै उत्सर्जन न्यूनीकरण, अनुकूलन प्रयासलाई बढावा दिने र उपयुक्त वित्तको बढ्दो प्रवाहको माध्यमबाट विश्वव्यापी जलवायु कार्यलाई गति दिनेसमेत सम्मेलनको लक्ष्य छ ।

सम्मेलनमा पृथ्वीको तापक्रम वृद्धि एकदशमलव पाँच डिग्री सेल्सियसमा कायम गर्ने पाटोमा विश्वका सबै राष्ट्रहरू एक्यबद्ध हुने, यस वर्ष ग्लास्गो प्याक्टको कार्यान्वयन र राष्ट्रिय निर्धारित योगदान (एनडिसिज) र न्यूनीकरणका महत्वाकाङ्क्षी लक्ष्यका कार्ययोजना तयार गर्ने, अनुकूलनका विश्वव्यापी लक्ष्यमा सहमत हुने र कोप २६ मा सहमत भएको अनुकूलन वित्तको कार्यान्वयन गर्ने बारेमा छलफल र निर्णय हुनेछ ।

यसबाहेक कोप-२७ मा वित्तसम्बन्धी सबै एजेन्डा अगाडि बढाइ जलवायु वित्तका विषयमा महत्वपूर्ण प्रगति गर्ने, सन्तुलितरूपमा ठोस नतिजा प्राप्त गर्न भएका सम्झौतालाई सुधार र सहजीकरण गर्ने, हानि नोक्सानीसम्बन्धी काम गर्ने संयन्त्र (सेन्टियागो नेटवर्क), हानि तथा नोक्सानी सुविधा सम्मेलनका एजेण्डा रहेको वन तथा वतावरण मन्त्रालयले जनाएको छ ।

नेपालको तयारीका लागि उक्त मन्त्रालयले सम्मेलनमा प्रस्तुत गरिने अवधारणापत्र तयार गरेको छ। अवधारणा पत्रमा विशेष गरी हिमाली क्षेत्रका मुद्दा, अनुकूलन तथा कृषि र खाद्य सुरक्षा, न्यूनीकरण (दफा ६, एनडिसी, इटिएफ) लगायत विषय रहेको मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख तथा सहसचिव डा बुद्धिसागर पौडेलले जानकारी दिनुभयो ।

यसैगरी नेपालले विश्वव्यापी प्रगति समीक्षा, हानि तथा नोक्सानी (वित्त, सान्टियागो सञ्जाल), जलवायु वित्त (नयाँ संयुक्त वित्त लक्ष, वित्तको पूर्णता), लैङ्गिक, युवा, स्थानीय समुदाय, जनजाति र आदिवासी र प्रविधि हस्तान्तरण र क्षमता अभिवृद्धि विषय प्राथमिकताकासाथ उठाउने उहाँले बताउनुभयो ।

## नेपालले उठाउने विषय

कोप-२७ मा नेपालले पर्वतीय मुद्दामा नेतृत्व गर्नेछ । विश्वका उस्तै समस्या भएका पर्वतीय मुलुकसँग सहकार्य रणनीति बनाउन नेपालले गत सेप्टेम्बरमा मुस्ताङ पैरवी सम्मेलन आयोजना गरी सो विषयमा विशेष घोषणापत्र जारी गरेको थियो ।

> **नेपालले अनुकूलनका लागि दोब्बर घोषणा गरिएको वित्तको प्रवाह सार्वजनिक माध्यमद्वारा अनुदानस्वरूप प्रदान गर्ने र शार्म एल–शेख कार्य योजना तयार हुनुपर्ने विषय पनि नेपालको प्राथमिकतामा छ । नेपालले आफूजस्तै अति कम विकसित देश, साना टापु र विकासशील राज्यको हरित जलवायु कोष र अन्य कोषका लागि आवेदन प्रक्रियाको सरलीकरण गर्न, क्षमता अवरोध हटाउन र जलवायु कोषमा प्रत्यक्ष पहुँच सुधार गर्न सशक्तरूपमा बहस तथा पैरवी गर्नेछ ।**

यसैगरी विश्वका धनी र विकसित राष्ट्रलाई आफ्नो महत्वाकाङ्क्षी एनडिसिज र दीर्घकालीन न्यून उत्सर्जन विकास रणनीति परिमार्जन गरी पुनः बुझाउन अनुरोध गरिनेछ । साथै यसको पालनामा कोपको सचिवालयलाई सक्रिय नेतृत्वका लागि नेपालले पैरवी गर्नेसहसचिव पौडेलले बताउनुभयो ।

नेपालले अनुकूलनका लागि दोब्बर घोषणा गरिएको वित्तको प्रवाह सार्वजनिक माध्यमद्वारा अनुदानस्वरूप प्रदान गर्ने र शार्म एल-शेख कार्य योजना तयार हुनुपर्ने विषय पनि नेपालको प्राथमिकतामा छ । नेपालले आफूजस्तै अति कम विकसित देश, साना टापु र विकासशील राज्यको हरित जलवायु कोष र अन्य कोषका लागि आवेदन प्रक्रियाको सरलीकरण गर्न, क्षमता अवरोध हटाउन र जलवायु कोषमा प्रत्यक्ष पहुँच सुधार गर्न सशक्तरूपमा बहस तथा पैरवी गर्नेछ ।

कृषि क्षेत्रमा कोरोनोभिया संयुक्त कार्यक्रमको रूपमा उल्लेख्य प्रगति हुनुपर्ने विषय पनि नेपालले प्राथमिकताका साथ उठाउने तयारी गरेको छ। यस वर्ष जर्मनीको वोन बैठकमा कोरोनोभिया कार्यक्रम अनुकूलनलाई बढी महत्व दिने विषयमा केही सहमति भएको थियो । नेपालले यो कार्यक्रमको कार्यान्वयन, वित्त र प्रविधि हस्तान्तरणमा जोड दिने र यसको नेतृत्व नेपाललगायत कृषि प्रधान देशले लिने गरी तयारी गरिएको छ ।

सम्मेलनमा नेपालले पेरिस नियमपुस्तिकालाई कार्यान्वयनमा ल्याउन र कोप-२६ मा स्थापित न्यूनीकरण महत्वाकाङ्क्षा र कार्यान्वयन योजनाअन्तर्गत विकसित देशहरूलाईजलवायु महत्वाकांक्षामा नेतृत्व गर्न आग्रह गर्नेछ ।

यसैगरी कार्बन व्यापारसम्बन्धी दफा ६ अनुसार बजार र गैर-बजार संयन्त्रको बारेमा कार्यान्वयनमा थप प्रष्टताका लागि नेपालले अल्पविकसित राष्ट्रहरूको समूह र जि ७७ र चिनीयाँ समूहसँग सामिप्यमा रही पैरवी गर्ने वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन राष्ट्रिय परिषद्का सदस्य डा विमलराज रेग्मीले जानकारी दिनुभयो ।

नेपालले कोप २७ मा विकसित राष्ट्रहरूले सामूहिक रूपमा दीर्घकालीन जलवायु वित्तको लक्ष्यअनुसार सन् २०२० देखि २०२५ सम्म प्रत्येक वर्ष १०० विलियन अमेरिकी डलर प्रदान गर्ने विषय उठाउने उहाँले बताउनुभयो ।जलवायु कोषहरूमा नेपालको सरल तथा सहज पहुँच हुनुपर्ने र नेपालले अनुकूलन, उत्थानशीलता तथा हरित विकासको अवधारणा प्रवर्द्धनमा प्रदान गरिने वित्त अनुदानको रूपमा आउनुपर्ने निश्चितताबारे पैरवी गर्नेछ ।

## हानि तथा नोक्सानीको छुट्टै एजेण्डा

कोप-२७ मा हानि नोक्सानी सम्बन्धी मुद्दालाई औपचारिक एजेन्डा बनाउन पहल गरिनेछ । अल्पविकसित राष्ट्रहरूको समूह, जि ७७ र चिनीयाँको समूहले हानि तथा नोक्सानी वित्तको छुट्टै व्यवस्थाको मागलाई उठाउने छन् । नेपाललगायत अल्पविकसित राष्ट्रहरू र जि ७७ र चिनीयाँको समूहले हानि तथा नोक्सानी वित्तमा थप सहयोग गर्नुपर्ने र यसको यथेष्ट प्रमाण भएको कुरालाई प्रस्तुत गर्नेछ ।

नेपालले सेन्टियागो हानि तथा नोक्सानी संयन्त्रको प्रगति र हानि तथा नोक्सानी वित्तलाई औपचारिक रूपमा एजेन्डामा राखेर हानि तथा नोक्सानी वित्त व्यवस्था सुनिश्चित गर्न पहल गर्ने मन्त्रालयका सचिव डा प्रेमनारायण कँडेलले बताउनुभयो ।

यसबाहेक विश्वव्यापी प्रगति समिक्षाका लागी विवरण सङ्कलन, न्यूनीकरण, अनुकूलन, हानि-नोक्सानी र कार्यान्वयनको संरचना र सहयोगसम्बन्धी प्रगति मापन गर्नु महत्वपूर्ण भएको र यसले पक्ष राष्ट्रहरूलाई आफ्नो महत्वाकाङ्क्षा र सहयोग तथा सहकार्य अगाडि बढाउन मद्दत पुऱ्याउने सचिव कँडेलले बताउनुभयो ।

आदिवासी, महिला, युवा, बालबालिका, तथा जलवायुजन्य जोखिममा रहेका समुदायको अधिकार र उनीहरूको चासो सम्बोधन गर्ने विषय पनि नेपालको एजेण्डा रहेको छ । यसका लागि नेपालले लैङ्गिक कार्ययोजनालाई कार्यान्वयनमा ल्याउन आवश्यक वित्त हस्तान्तरण, प्रविधि हस्तान्तरण र लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता अभिवृद्धिमा हासिल भएका प्रगतिबारे छलफल गर्ने र स्थानीय र आदिवासीको भूमिकाबारे प्रष्ट रणनीति हुनुपर्नेविषय उठान गरिनेछ ।

नेपाललाई अनुकूलन र न्यूनीकरणका कार्यहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्ने प्रविधि सहज हस्तान्तरण र अतिकम विकसित राष्ट्रहरूमा विद्यमान क्षमताको कमी परिपूर्ति गर्नुपर्ने विषय नेपालको प्राथमिकतामा रहेको छ ।

## कोप-२७ मा नेपालको सहभागिता

नोभेम्बर ६ देखि ८ तारिखसम्म हुने राष्ट्र प्रमुखहरूको बैठकमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री उमा रेग्मीको नेतृत्वमा नेपालको प्रतिनिधिमण्डलले सहभागिता जनाउने छ । नोभेम्बर ९ देखि १८ तारिखसम्म हुने कोप-२७ का औपचारिक र अनौपचारिक बैठकमा वन सचिव, सहसचिव र सरकारी प्रतिनिधिले सहभागिता जनाउनुहुनेछ ।

त्यस्तै नोभेम्बर ६ देखि १८ तारिखसम्म हुने अन्य बैठकमा सचिव, सह-सचिव र सरकारी र अन्य प्रतिनिधिले साइड इभेन्टहरूमा नेपालको प्रस्तुति गर्नसहभागिता जनाउने मन्त्रालयले जनाएको छ ।रासस

# आन्तरिक पर्यटकको रोजाइमा 'सन्राइज भ्यू प्वाइन्ट'

फुङ्लिङ । ताप्लेजुङको समदमुकामको सबैभन्दा नजिककोसन्राइज भ्यू प्वाइन्ट पर्यटकीय गन्तव्यको रुपमा विकास हुँदै गएको छ। पछिल्लो समय प्रचारप्रसार भएसँगै अहिले वडा नं९ सुकेटारस्थित गुप्तेडाँडामा दैनिक सूर्योदय अवलोकन गर्न बाह्य तथा आन्तरिक पर्यटकको भीड यहाँ हुन थालेको हो ।

यो भ्यू प्वाइन्ट आन्तरिक पर्यटकको पहिलो रोजाइमा पर्दै गएको छ ।सूर्योदय भन्ने बित्तिकै पोखराको साराङकोट र पूर्वको इलामको श्रीअन्तु हाम्रो मानसपटलमा आउँछ तर ताप्लेजुङको सन्राइज भ्यू प्वाइन्टबाट सूर्योदय हेर्नका लागि अन्य ठाउँको तुलनामा कमी नएको स्थानीयवासीको भनाइ छ। अहिले बिहान सूर्योदयको अवलोकन गर्न आउनेको पर्यटकको घुइँचो लाग्न थालेको छ ।

पछिल्लो समय स्थानीयवासीले 'सन्राइज भ्यू प्वाइन्ट' नामकरण गरी प्रचारमा गर्न थालेपछि आन्तरिक तथा बाह्य पर्यटक सूर्योदय अवलोकन गर्न आउनथालेका हुन् ।

अहिले बिहान ६:१० बजेउक्त भ्यू प्वाइन्टबाट प्रत्यक्ष सूर्योदय भएको अवलोकन गर्न सकिने भएकाले पर्यटकहरू थर्मसमा चिया तथा नास्ता बोकेर बिहान ५ बजे त्यहाँ पुग्ने गर्दछन् ।

सूर्योदयको अवलोकनसँगै विश्वको अग्लो हिमाल सगरमाथा, मकालु र विश्वको तेस्रो अग्लो कञ्चजङ्घा हिमशिखर चाँदीजस्तै टल्केको नजिकैबाट अवलोकन गर्न सकिन्छ। प्रसिद्ध धार्मिकस्थल पाथीभरा क्षेत्रका साथै अन्य हिमालको प्रत्यक्ष अवलोकन गर्न सकिने भएकाले यहाँबाट फोटो खिच्ने र टिकटक बनाउनेको भीड बढ्दो छ। विगतका वर्षहरूमा प्रचारप्रसार हुन नसकेको सन्राइज भ्यू प्वाइन्ट अहिले जिल्लाको प्रमुख पर्यटकीय गन्तव्य भएको फुङ्लिङ नगरपालिकाका-१ वडासदस्य घनेन्द्र मादेनले बताउनुभयो ।

भक्तपुरको नगरकोट र इलामको श्रीअन्तुको सूर्योदय अवलोकन गर्न आफू पुगेको अनुभव सुनाउँदै उहाँले भन्नुभयो, "इलामको श्रीअन्तु र ताप्लेजुङको सन्राइज भ्यू प्वाइन्टबाट जस्तै एकै किसिमले सूर्योदय अवलोकन गर्न सकिने रहेछ।" यहाँको भ्यू प्वाइन्ट पनि आफैँमा प्राकृतिक भ्यू टावर भएकाले आकाशे पुल निर्माण र अर्को डाँडामा स्तम्भ बनाएर त्यस ठाउँबाट पनि सूर्योदयको अवलोकन गर्ने स्थान बनाउनु आवश्यक रहेको उहाँको भनाइ थियो ।

ताप्लेजुङ धार्मिक हिसाबले पनि चिनिएको जिल्ला हो । वर्षमा हजारौं सङ्ख्यामा पाथीभरा देवीको दर्शन गर्न आउने गर्दछन्। सन्राइज भ्यू प्वाइन्ट पनि पाथीभरा क्षेत्रमै भएकाले पाथीभराको दर्शनसँगै सूर्योदय अवलोकन गर्न सकिने सिदिङ्वा गाउँपालिका-२ का देवेन्द्र बानियाँले बताउनुभयो ।

जिल्लाका अन्य पर्यटकीयस्थलमध्ये सुकेटार गुप्तेडाँडाको सन्राइज भ्यू प्वाइन्टबाट पनिसूर्योदयको अवलोकन गर्नुउपयुक्त हुने फक्ताङलुङ गाउँपालिका-६ विशस लिम्बूले बताउनुभयो । पर्यटकीयस्थलरुपमा प्रवर्द्धन गर्नका लागि सूर्योदय अवलोकन गर्ने स्थानमा नगरपालिकाले रु १० लाखको लागतमा आवश्यक संरचना निर्माण गरिसकेको छ । उक्त भ्यू प्वाइन्टसम्म जान पदमार्ग निर्माणका लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट समेत रु १० लाख उपलब्ध गराइएकामा पदमार्ग बने पनि भ्यू टावर भने बनाइएको छैन । प्रकृतिकरुपमै डाँडामा एउटा ठूलो ढुङ्गो छ। त्यही ढुङ्गाको भागमा घेराबार लगाइएको छ ।

पर्यटन प्रवर्द्धन गर्नका लागि तीन तलाको भ्यू टावर बनाउने योजना रहेको नगरप्रमुख अमिर मादेनले बताउनुभयो । उहाँले भन्नुभयो, "मेरो चुनावी घोषणापत्रमा पनि सन्राइज भ्यू प्वाइन्टलाई पर्यटकीयस्थल बनाउने उल्लेख गरेको र आफ्नो कार्यकालसम्म आवश्यक भौतिक संरचना निर्माण हुन्छ", भ्यू टावर निर्माण गर्नका लागि नगरपालिकाबाट तत्काल डिपीआर तयार गर्ने योजना रहेको नगरप्रमुख मादेनले बताउनुभयो । सूर्योदयको दर्शन गर्न आउने आन्तरिक तथा बाह्य पर्यटकका लागि भ्यू प्वाइन्टको नजिकै टी हाउस निर्माण गर्ने योजना रहेको छारासस

# धारा निर्माण भएको आठ महिनासम्म पनि पानी आएन्

बझाङ । खप्तडछान्ना गाउँपालिका-५ मतुवाकी शर्मिला उपाध्यायलाई जहिल्यै पानीको चिन्ता हुन्छ । नजिकै कुवाको पानी वा टाढाको धाराबाट पानी बोकेर दैनिकी चलाउनु उहाँको नियति जस्तै हो ।

उपाध्यायलाई गत चैतमा भने लामो समयदेखिको पानीको समस्या समाधान हुन्छ कि भन्नेमा आशा पलायो । टोलमै नयाँ खानेपानीको धारा बनेपछि पानीका लागि दुःख गर्नु नपर्ने भन्दै टोलवासीमै खुशियाली छायो । धारा त जडान भयो तर अहिलेसम्म पानी आएको छैन ।

"धारामा पानी आउँछ भनेर कुर्न थालेको आठ महिना भइसक्यो", उपाध्यायले भन्नुभयो, "यहाँ न पानी आयो, न प्लम्बर (पानीको धारा बनाउने व्यक्ति) टोली नै आए। हामी फेरि कुवाकै भर पर्नु परेको छ।"

शर्मिलाको समस्या गाउँवासीकै समस्या हो । "पानी नआउँदै धारा पुराना हुने भए", सोही ठाउँकी सविता उपाध्यायले भन्नुभयो, "भोलि/पर्सी नै आउँछ भनेको पानी आठ/नौ महिना बित्दा पनि आउने सुरसारै छैन।" उहाँका अनुसार धारा निर्माण गर्ने उपभोक्ता समितिले धारामा पानी छिट्टै आउने आश्वासन मात्रै दिइरहेको छ।

उपाध्यायका अनुसार अहिले गाउँमा भएको पुरानो धाराबाट पनि निकै कम पानी आउँछ । "खाना पकाउन लागि एक गाग्री पानी भर्न पनि एक घण्टा नै कुर्नुपर्छ । कहिलेकाहीँ त दिउँसो पानी भर्न घुइँचो लाग्ने हुँदा राति भर्नुपर्छ", उहाँले दुखेसो पोख्नुभयो ।

गाउँमा दिनहुँ खानेपानीको समस्या हुनुमा उपभोक्ताको लापरबाहीकारकभएकोखप्तडछान्ना गाउँपालिका-५ का वडाध्यक्ष रामबहादुर सिंहको भनाइ छ । "बाहिरको ठेकेदार भए त टाढा हुन्थ्यो । गाउँमै बस्ने उपभोक्ता समितिका पदाधिकारीले गाउँकै समस्यालाई बेवास्ता गर्नु भनेको ठूलो लापरवाही हो", उहाँले भन्नुभयो ।

खानेपानी उपभोक्ता समितिका अध्यक्ष विक्रम सिंहले भने पानीको ट्याङ्की, पाइप बिछ्याउने काम सकिएको र छिट्टै धारामा पानी आउने बताउनुभयो ।रासस

# समापनको सङ्घारमा सामा

**टुडे समाचारदाता**

महोत्तरी । मिथिला क्षेत्रमा भाइ बहिनीको प्रेमको प्रतीक सामाचकेवा पर्व समापनको संघारमा आइपुगेको छ ।

'सामा' पर्वको मूल उद्देश्य दाजुभाइको कल्याण कामना र सौर्यवृद्धिको अभीष्ट रहेको छ। यस सन्दर्भमा दाजुभाइको मंगल कामनाका लागि गाइने प्रेमपूर्ण भावका गीत सबैका लागि कर्णप्रिय हुन्छ।

मिथिवासीले गाउने गीतमा विकासको अभीष्ट पनि हुन्छ । बस्ती वरपर हुने लोककल्याणका विकास कार्यको नेतृत्व आफ्ना दाजुभाइले गर्दिऊन् र उनीहरुको सुकीर्ति फैलियोस् भन्ने गीतका भाव हुन्छन्।

'गामक अधिकारी, हमर बड् का भैया हो, गाममे पोखरी खुना दिय, चम्पा फूल लगादिय..!' (गाउँका मुख्य हाम्रा जेठा दाइ हुन् , हे दाजु, गाउँमा पोखरी खनी दिनोस् र सुवास दिने चम्पा फूल लगाइदिनोस्) । 'सामा'को परम्परा थालिएका बेला गाउँबस्तीमा पोखरी खनाउनु ठूलो कीर्तिको काम मानिने हुँदा दिदीबहिनीको गीतमा यस्तो भाव व्यक्त हुँदै आएको छ।

मिथिलामा बोलीचालीमा 'सामा' मात्र पनि भनिने 'सामाचकेवा' पर्व अब समापनको संघारमा पुगेको छ। कात्तिक शुक्ल पञ्चमी अर्थात् छठ पर्वको 'खरना' का दिन आइतबारबाट सुरु भएको यो पर्व पूर्णिमाका दिन समापन गरिनेछ। दाजुभाइ-दिदीबहिनीबीच प्रेम र समर्पणको प्रतीक मानिने यो पर्व मिथिलानी अब समापन गर्ने तयारीमा जुटेका छन् । मिथिलानी (मिथिलाका नारी) ले दाजुभाइको सौर्य वृद्धिको कामनासहित मनाउने यो लोकपर्व अबको तीन दिनपछि समापन हुनेछ।

कात्तिक शुक्ल पञ्चमीदेखि पूर्णिमासम्म जम्मा ११ दिन मनाइने यो पर्व समापनको तयारी अघि बढेसँगै मिथिलानी आफ्ना दाजुभाइलाई डाक्न अहिले व्यस्त छन् । पर्वको समापनमा दाजुभाइबाट सामाचकेवा खेलका माटाका आकृति घुँडामा राखेर फुटाउन लगाउने विधि र उनीहरुलाई मिष्ठान्न परिकार खुवाउने परम्पराले दिदीबहिनी आफ्ना दाजुभाइलाई डाक्न अहिले व्यस्त भएकी छन्।



सामा समापनका काममा जुटेकी महोत्तरीको भङ्गाहा नगरपालिका-४ थारूटोल बनराकी सङ्गीता चौधरी (थारू) ले भनिन् आब भाइके लेल मिष्ठान्न परिकारक जोगाडमें लगैछी (अब भाइका लागि मिष्ठान्न परिकारको जोहोमा लाग्नेछु) ।

आफ्ना दाजुभाइप्रति प्रेम र समर्पण दर्शाउँदै उनीहरुको सौर्य बखान गरेर रातिको समयमा गीत गाउँदै मनाइने सामाचकेवा पर्व रमाइलो खेल पनि भएको मिथिलानी बताउँछन् । चकमन्न रातमा साथीहरु जम्मा हुन्छौँ, गीत गाउँछौँ, त्यसबेला ठट्टा हासपरिहास हुन्छ, अनि खेल भएन त..?, 'सामा' रमाइलो खेल भएको बताउने महोत्तरीकै बर्दिबास नगरपालिका-२ की शैल सहनी भन्छिन, आफ्ना दाजुभाइप्रति गौरवबोध गर्नु र आपसी सम्बन्ध प्रगाढ बनाउने सन्देशसँगै आपसी (सामा खेल्नेहरु) ठट्टा परिहासले १० दिन बितेको पत्तै हुँदैन, ११औँ दिन त पर्व समापन भइहाल्छ।

मध्यरातसम्मको चकमन्न समयमा नगर/गाउँ बस्तीको चौबाटोमा समूहमा जम्मा भएर दिदीबहिनीले गीतमार्फत आफूहरुप्रति दर्शाएका प्रेम र समर्पण भावले रोमाञ्चित गराउने गरेको छ।

कार्तिक मासे यौ भैया 'सामा' लेलक अवतार, सयौँ बरख जियौ यौ भैया सामा लेलक अवतार (हे दाजुभाइ हो, कात्तिक महिनामा 'सामा' (खेलकी प्रमुख स्त्री पात्र) ले फेरि अवतार लिएकी छन्। तिमी सयौँ वर्ष बाँच्छौँ, 'सामा' (बहिनीको भाव) ले फेरि अवतार लिइसकेकी छन् ।) दाजुभाइको दीर्घायुको कामनामात्र नभएर मिथिलानीहरु सामा गीतमा आफना दाजुभाइ बहादुर, परोपकारी र दिदीबहिनीप्रति अपार स्नेह भएका पनि गीतबाटै भाव व्यक्त गर्दछन् । यस्ता गीत सुनिरहँदा आफ्ना दिदीबहिनी हुनेहरु खुसीले दङ्ग हुन्छन् भने दिदीबहिनी नहुनेलाई मेरा चैं किन दिदीबहिनी भएनछन् भन्ने भाव पैदा हुने गरेको छ।

'चलु बहिना सामा खेल भैयाके आँगन हे..जुग जुग जियथिन भैया अपन हे...!' (हिँड दिदीबहिनी हो ('सामा' खेल्न तयार भएकी एक महिलाले अर्की महिलालाई भन्दैछिन, 'सामा' खेल्न दाजुको आँगनमा जाऔँ, हाम्रो कामनाले दाजुभाइ युगयुगसम्म बाँच्नेछन् ।'

मिथिला लोकसंस्कृतिको अभिन्न अङ्ग रहेको सामाचकेवा पर्वले 'छोरी' नचाहिने भन्नेलाई पनि 'छोरी' को रहर जगाउने गरेको पाइएको छ। चोकचोकमा अरूका दिदीबहिनीले सामाका गीत गाएर आफ्ना दाजुभाइको सौर्य बखान गरेको सुन्दछु आफ्ना दिदीबहिनी नभएका लोहारपट्टि-१ बगडाका रामजीवन यादव भन्छन, के गरौँ...? आफ्ना दिदीबहिनी भएनन्। यही दिदीबहिनी नभएको न्याम्रोले अब आफ्ना छोराहरुले न्याम्रिनु नपरोस् भनेर एउटी छोरीको कामनामा दुई छोरा भइसक्दा पनि परिवार नियोजन नगरेर अझै छोरी पर्खेको यादवको भनाइ छ।

पर्वमा मिथिलानीले सतभैया (सप्तर्षि), चुगला, सामा र चकेवाका माटाका आकृति अगाडि राखेर गीत गाउँदै प्रत्येक दिन चुगलाको दाह्रीमा आगोले झोस्दै त्यो दिनको खेल सम्पन्न गर्ने गर्छन् । पर्वको अन्तिम दिन (कात्तिक पूर्णिमा) मा दाजुभाइका हातबाट ती आकृति फुटाउन लगाएर जोतिएको खेत वा निर्जन वनमा गाडेर पर्व समापन गरिन्छ। यस अवसरमा दाजुभाइले गच्छेअनुसार दिदीबहिनीलाई वस्त्र र नगद दक्षिणाबापत दिने चलन छ। यी आकृति दिदीबहिनीले कात्तिक शुक्ल पञ्चमीका दिन दाजुभाइलाई नै माटो खन्न लगाई त्यो मुछेर बनाउने गर्छन्।

दाजुभाइ दिदीबहिनीप्रति यस्तो प्रेम दर्शाउने यो पर्व करिब साढे पाँच हजार वर्षपहिले द्वापर युगबाट सुरु भएको मिथिला संस्कृतिका जानकार बताउँछन्। द्वापर युगमा श्रीकृष्णकी छोरी सामाले चक्रधर (चकेवा) सँग प्रेम सम्बन्ध राखेको कुरा एउटा कुरौटे (चुगला)ले कृष्णलाई भन्दा (कुरा लगाउँदा) छोरी स्वच्छन्द प्रवृत्तिकी भई भन्ने रिसमा दुवै (सामा र चकेवा) लाई चरा हुने श्राप दिएको पौराणिक कथा प्रसङ्ग यो पर्वको परिवेश रहेको मिथिलामा विश्वास गरिन्छ।

कृष्णका श्रापले चरा भएर विचरण गरेकी बहिनी सामा र उनका प्रेमी चकेवाको मुक्तिका लागि कृष्ण पुत्र साम्वले शिवजीको तपस्या गरेर पिता रिझाउन सक्ने बरदान पाएर कृष्णसँग गरेको याचनाबाट उनीहरु श्रापमुक्त भइ पूर्व योनीमा आएर विवाह गर्न पाएका पौराणिक वर्णन रहेको पाइन्छ । दाजु साम्वको त्यही गुणलाई सम्झँदै सामाले गाएकी गीतको यादमा दाजुभाइप्रति कृतज्ञता जनाउन सामाचकेवा पर्वको परम्परा बसेको जनविश्वास छ।

# गठबन्धनलाई सहयोग गर्न आग्रह

**टुडे समाचारदाता**

राजविराज । सप्तरी २ प्रतिनिधिसभाका सत्तारुढ गठबन्धनका साझा उम्मेदवार जयप्रकाश ठाकुरले गठबन्धनलाई सहयोग गर्न आग्रह गरेका छन् ।



उनले जनताको गुनासो सुन्न र सम्बोधन गर्न आफू जुनसुकै बेला पनि अग्रसर रहने प्रतिबद्धता व्यक्त गरे । शनिबार राजविराज नगरपालिका वडा ७ मा घरदैलो कार्यक्रमका क्रममा मतदाताहरु संग भेट्दै उनले जनताको गुनासो र समस्या समाधान गर्न आफू जुनसुकै बेला पनि तयार रहने बताए।

आफू निर्वाचित भएपछि यस क्षेत्रमा देखिएका समस्याहरुलाई समाधान गर्ने प्रतिबद्धता जनाएका उनले आफू जिते यस क्षेत्रको विकासका लागि मतदाता सामु जारी गरेको ३० बुँदे प्रतिबद्धतासमेत पूर्ण रुपमा पालना गर्ने जनाए।

संघीयताको सफल कार्यान्वयनका लागि पनि यस गठबन्धनलाई जनताले जिताउनेमा विश्वस्त रहेको धारणा राख्दै विगतमा भन्दा यस वर्ष मतदाताहरुबाट आफूलाई राम्रो प्रतिक्रिया आइरहेको उम्मेदवार ठाकुरले विकासका काममा आफू सधै अगाडि रहने प्रतिबद्धतासमेत व्यक्त गरे।

संघीयता अनुसार तीन तहको सरकार व्यवस्थित हुन नसकेको भन्दै उनले लोकतान्त्रिक बाम गठबन्धनले संविधानको अक्षरशः कार्यान्वयन गर्ने बताए।

नेता ठाकुरले सत्तारुढ पाँच दलीय गठबन्धन संविधानको रक्षा र राजनीतिक स्थिरताका लागि भएको बताए। सोही क्रममा सप्तरी २ (२) का प्रदेश सभा सदस्यका उम्मेदवार उमेश कुमार यादवले यो गठबन्धन चुनाव भरिको लागि मात्र नभइ मंसिर ४ पछि पनि लामो समयसम्म कायम रहने बताए।

यो गठबन्धन संविधान रक्षाको लागि र संविधान बचाउनको लागि भएको उल्लेख गर्दै उनले भने, ' लोकतान्त्रिक बाम गठबन्धको उम्मेदवारहरुको पक्षमा मतदान गरी सहयोग गर्नुहोस् ।

# जनकपुर-जयनगर रेल दुईदिनसम्म समय बाहेक पनि चल्ने

टुडे समाचारदाता

जनकपुरधाम । आउँदो कार्तिक पूर्णिमाका दिन कमला स्नानको लागि यात्रुहरुलाई मध्यनजर गरी जयनगर जनकपुर रेल्वे थप ट्रिप चलाउने भएको छ।




नेपाल रेल्वे कम्पनी केन्द्रीय कार्यालय जनकपुरधामले सूचना जारी गर्दै कार्तिक पूर्णिमा र कमला स्नानलाई ध्यानमा राखी यात्रुहरुको सहजताका लागि समय बाहेक पनि रेल चलाउने भएको जानकारी दिएको छ । प्रत्येक दिन दुई सिफ्ट चल्ने नेपाल रेल्वेले कमला स्नानका लागि हजारौँको सँख्यामा यात्रुहरु कमला नदी जाने भएपछि दोस्रो सिफ्टपछि थप सिफ्ट संचालन गर्ने रेल्वेका महाप्रवन्धक निरन्जन कुमार झाले जनाएका छन। अहिले ४ देखि ५ वटा बोगीसम्म बोक्ने नेपाल रेल्वेले भूतमेलाको लागि बोगी समेत थप्ने बुझिएको छ।

प्रत्येक बर्ष कमला नदीमा भूतमेला लाग्ने गरिन्छ । कार्तिक पूर्णिमा स्नानको लागि विभिन्न जिल्लाहरुबाट धनुषा र सिरहा जोडने धार्मिक आस्था बोकेको पवित्र कमला नदी स्नान गर्ने गरिन्छ।

कमला नदीमा प्रत्येक वर्ष कार्तिक पूर्णिमाका दिन भव्य मेलासमेत लाग्ने गरेको छ।

# 'जसपाको जित सुनिश्चित'

**टुडे समाचारदाता**

रौतहट। निर्वाचन क्षेत्र नम्बर २ को प्रतिनिधिसभा सदस्यका उम्मेदवार जनता समाजवादी पार्टी नेपालका शैलेन्द्र साहले यस पालि जनता परिवर्तनको पक्षमा रहेकोले जसपाको जित सुनिश्चित रहेको बताएका छन।

रौतहट जिल्लाको ईशनाथ नगरपालिका वडा नम्बर ३ औरैयामा घरदैलो गर्ने क्रममा संचारकर्मीहरु सित कुरा गर्दै साह ले पुस्ताको रुपमा बुझेका यो क्षेत्रमा परिवर्तन हुने दाबी गरे।



स्वतन्त्र रुपमा उम्मेदवारी दिएहरुले पराजयको डरले विभिन्न किसिमका अफवाह फैलाउने गरेकोले भ्रमको पछाडि नलाग्न मतदाताहरुलाई आग्रह समेत गरे।

नेकपा एमाले जसपा गठवन्धनका उम्मेदवारको अवस्था बलियो भएको देखेर बाम लोकतान्त्रिक गठवन्धन विचलित भएको दाबी गरे।

नेपाली कांग्रेसबाट उम्मेदवार बनेका डा.फिरदोस आलम हत्या आरोपि आफ्नो बुवाको नाउमा राजनीति गर्न लागेकोले जनता परिवर्तन गर्न तत्पर रहेको उनले बताए।

स्वर्गीय शेख इद्रीस पछि हत्याको आरोपमा कारागारमा बन्दी जीवन बिताइ रहेका पूर्व मन्त्री आफताव आलम र चाचा मोहमंद महताव आलमको तस्वीर सहितको पोस्टर पम्पलेट प्रयोग गरेर प्रचार प्रसार गर्दै आएका कांग्रेसका उम्मेदवार सफल नहुने उनले बताए।

जसपाको तर्फ बाट प्रदेशसभा सदस्यमा समानुपातिक उम्मेदवार रहेकी शोभा देवी साहले विपक्षीले जति अफवाह फैलाए पनि जित जसपाको हुने दाबी गरिन।

# उद्योगीहरु मंगलवारदेखि बैंक अगाडि धर्नामा बस्ने

**टुडे समाचारदाता**

जनकपुरधाम । आउँदो मंगलवारदेखि नेपाल बैंक अगाडि उद्योगीहरु धर्नामा बस्ने जनाइएको छ। जनता सहयोगी बचत तथा ऋण सहकारी संस्थाको १२ औं वार्षिक साधारण सभामा सो कुराको जानकारी दिइएको हो।

संस्थाका अध्यक्ष रामचन्द्र पंजियारको अध्यक्षतामा भएको सो कार्यक्रमका वक्ताहरुले सहकारीको विकास भएमा मात्र सामाजिक विकास सम्भव रहेको बताए।

उनीहरुले सहकारीमा अधिकांश महिलाहरु जुटेकी छन्,महिला लक्ष्मी हुन्छिन्, महिला समृद्ध भएमा र महिला अगाडि आएमा सामाज स्वतः समृद्ध र विकासको पथमा अगाडि बढ्ने धारणा राखे।

वक्तहरुले हरेक क्षेत्रमा महिलाको नेतृत्व हुनुपर्छ,महिला नेतृत्वका लागि महिलाहरूलाई नै अगाडि बढ्नुपर्छ, त्यसका लागि संघर्ष आवश्यक भएको विचार व्यक्त गरे।

कार्यक्रममा जनकपुर उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र कुमार महासेठले




सरकारले ल्याउन लागेको बैंक नीति उद्योगी व्यापारीको हितमा नरहेको भन्दै त्यसको उद्योगीहरु विरोध गर्ने बताए ।

बैंकको नीतिले अधिकांश उद्योगीहरु पलायन हुने अवस्थामा छ,उद्योगीहरुको उद्योग बैंक ऋणमा नै निर्भर हुन्छ, तर सरकारको बैंक नीतिमा उद्योगीहरुसँग १८ प्रतिशत ब्याज लिने प्रावधान रहेकोले यस्तो अवस्थामा व्यापारीहरु पलायन हुने अवस्थामा स्वतः पुग्ने उनले चिन्ता व्यक्त गरे।

उनले भने, 'आउँदो मंगलवारदेखि नेपाल बैंक अगाडि उद्योगीहरु धर्नामा बस्ने छ,पहिलो चरणमा व्यापारीहरु प्रदेश र संघ सरकारलाई ज्ञापनपत्र मार्फत ध्यानाकर्षण गराइसकेको तर अहिलेसम्म सरकारले गम्भीरता देखाएको छैन।'

उनले नेपाल रेल्वे कम्पनी सरकारकै केही त्रुटिको कारण घाटामा रहेको र सरकारले यसप्रति गम्भीर नभएमा रेल कुन बखत बन्द हुन्छ भन्न नसकने अवस्थामा रहेकोले भन्दै सरकारले गम्भीरता देखाउनुपर्ने बताए।

सभामा संस्थाको चालु आ.व.२०७८/०७९ मा संस्थाको कुल शेयर पूँजी रु.२५ लाख ४९ हजार नौ सय, आ.ब.२०७९/०८० को बचत रकम फिर्ता गर्न रु.२ करोड ८५ लाख ३३ हजार ८६३ रु.पैसा साथै गत अनि यस वर्षमा बचत फिर्ता बाँकी रकम रु ३ करोड २९ लाख ३९ हजार ४४० रहेको छ। ऋण साँवा असुल गर्न बाँकी रहेको रु २ करोड ९० लाख ५३ हजार ९३८ रकम ४८ पैसा रहेको छ।

कार्यक्रममा राष्ट्रिय भूमि आयोग धनुषाका प्रवक्ता रामगोविन्द यादव , समाजसेवी कविर बाल आश्रम जनकपुरधामका संचालक कविर आलोक बाबा,वीर नारायण मल्लिक,राष्ट्रिय सहकारी बैंक धनुषाका प्रबन्धक विष्णु पराजुली, नेपाल उद्योग वाणिज्य महासंघ जनकपुरका कोषाध्यक्ष परमेश्वर साहलगायतका वक्ताहरुले आ-आफ्नो धारणा राखेका थिए । संस्थामा महिला ४४० र पुरुष ३८० जना गरी ८२० जना शेयर सदस्य रहेका छन्।

त्यस्तै,वार्षिकोत्सवको अवसरमा रक्तदान कार्यक्रम पनि गरिएको थियो।जसमा २५ जनाले रक्तदान गरेका थिए।

# प्रशासनको मिलेमतोमा तस्करी तीव्र

**राकेश यादव**

रौतहट । विभिन्न नाकाबाट तस्करीको कार्य तीव्र भएको छ । स्थानीय प्रहरी प्रशासनको मिलेमतोमा तस्करीको लाइन खोलिए पछि तस्करीको कार्य तीव्र भएको देखिएको छ।

मंसिर ४ मा हुन गइरहेको प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको मुखमा नेपाल प्रहरीको सेटिंगमा तस्करीको लाइन खोलिएको छ।

नेपाल सरकारलाई प्रत्यक्ष असर पुर्‍याउने र आफ्नो निजी लाभ लिने उद्देश्यले जिल्ला प्रहरी कार्यलय रौतहटका प्रमुख प्रहरी उपरीक्षक वीर बहादुर बुढामगरको संलग्नतामा तस्करीको लाइन खोलिए पछि राजश्व संकलनमा कमी आएको छ।

नेपाल भारतको खुल्ला सिमानाको प्रहरी प्रशासनले पूर्ण रुपमा लाभ लिने गरेका छन । निर्वाचनमा स्थानीयहरु होमिएको मौका छोपेर नेपाल प्रहरीका प्रहरी उपरीक्षक बूढामगर , नायव प्रहरी उपरीक्षक सुनिल कुमार मल्लले घुमुवा प्रहरी राज मंगल सिंहमार्फत सेटिंग मिलाएर तस्करीको लाइन खोलिएको बुझिएको छ।



ईशनाथ नगरपालिकाको बंजरहा , औरैया , मठिया र गौर भन्सार कार्यालयको मुख्य नाका भएर खुलेयाम चिनी , मलखाद , लता कपड़ा , नेपाली र भारतीय रुपैयाको हुण्डी कारोबारले तीव्रता पाएको छ।

भारतको सीमासंग जोडिएको क्षेत्र भएको कारण सीमा सुरक्षाको लागि खटिएको सशस्त्र प्रहरी र शान्ति सुरक्षाको लागि रहेको नेपाल प्रहरीको कारण तस्करी बढेको स्थानीयहरुको भनाइ छ।

नेपाल प्रहरीका घुमुवाले सहयोग गरेको बुझिएको छ। १ महीना लाइन शुरू भएको थियोबीचमा लाइन बन्द भयो अव मंसिर १ देखि शुरू हुने तस्करहरुले बताएका छन।

महिनाको ५ लाख भन्दा बढ़ी रकम प्रहरी प्रमुखलाई तथा सञ्चारकर्मी , घुमुवा गरी करीव २२ लाखको प्रति महीना खर्च तस्करको रहेको बुझिएको छ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी उपरीक्षक वीर बहादुर बूढ़ा मगरले तस्करी पूर्ण रुपमा नियंत्रणमा रहेको दाबी गरेका छन् । कार्य गर्ने क्रममा प्रहरीको अनुपस्थितिमा केही हुन सकिने बताउँदै संस्थागत रुपमा तस्करीको लाइन नखोलेको बताए।

उनले आन्तरिक रुपमा यस विषयमा छानबिन गरिने प्रतिवद्धता पनि जनाए । घुमुवा प्रहरीको रुपमा परिचालन गरिएको राज मंगल सिंह प्रहरी नायव उपरीक्षक मल्लको नजिकको रहेको स्रोतको दाबी रहेको छ!

सशस्त्र प्रहरी उपरीक्षक ध्रुव कार्कीले जिल्लामा तस्करीको कार्य पूर्ण रुपमा नियंत्रणमा रहेको दाबी गरेका हुन ! गौर भन्सार कार्यालयमा दिनहु राजश्व संकलनमा कमी हुँदै गएको हो , भन्सार प्रमुख बासुदेव नेपाल संग सम्पर्क गर्दा बाहिर रहेको बताएका छन।

चुनावको मुखमा तस्करीको लाइन खोलाउनु प्रहरीले आन्तरिक रुपमा आर्थिक लाभ लिनु बाहेक अरु केही नभएको स्थानीयहरुले बताएका छन । घरेलु उपभोग्यको सामान ल्याउदा पक्राउ गर्ने नेपाल प्रहरी र सशस्त्र प्रहरी आर्थिक लोभमा परी ठूलो तस्करीको लाइन दिने गरिएको टिप्पणी गरेका छन।

# 'मिथिला र मैथिलीको विकासका लागि काम गर्छु'



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा निर्वाचन क्षेत्र नम्बर ३(ख)को एमालेका प्रदेशसभा सदस्यका उम्मेदवार दीपेन्द्र ठाकुरले आफू मैथिली र मिथिलाको पक्षमा काम गर्नका लागि सधैं तत्पर रहेको बताएका छन्।

मैथिली साहित्य समाज जनकपुरधामद्वारा आयोजित मासिक कवि गोष्ठीमा उम्मेदवार ठाकुरले मैथिली र मिथिलाको उत्थानका लागि आफूले सके जति काम गर्ने बताए । कुनै समयमा विद्या र वैभवको भूमिको रुपमा चिनिने मिथिला क्षेत्र अहिले पछाडि पर्दै गएकोमा चिन्ता समेत व्यक्त गरे। यहाँको भाषा संस्कृतिको विकासका लागि खासै कामहरु हुन नसकेकै कारण यो क्षेत्र पछाडि पर्दै गएको ठाकुरको भनाइ छ।

उनले भने 'परिवर्तन ल्याउनका लागि साहित्यिक समाजले समेत अग्रसरता लिनुपर्नेमा जोड दिदैं साहित्यले बेला बेलामा समाजलाई ऐना देखाउँछ फेरि समाजलाई ऐना र सही दिशा देखाउने समय आएको छ।'

**विज्ञापन व्यवसायलाई पारदर्शी बनाऔं ।**

- विज्ञापनको रकम भुक्तानी गर्दा तोकिएको स्थान, समय र अवधिमा प्रकाशन वा प्रसारण गरेको यकिन गरेर मात्र भुक्तानी गर्ने गरौं।
- सञ्चारमाध्यमले जारी गरेको विजक र एजेन्सी कमिसन खुल्ने विजकको आधारमा मात्र विज्ञापन प्रकाशन तथा प्रसारणको भुक्तानी गरौं।
- सम्झौताको आधारमा कारोबार भएको भए सम्झौतामा तोकिएको अवधिमा र कार्यादेशको आधारमा कारोबार भएको भए विज्ञापनदाताले विज्ञापन एजेन्सीलाई एक महिनाभित्र र विज्ञापन एजेन्सीले सञ्चारमाध्यमलाई दुई महिनाभित्र भुक्तानी गरौं।
- समयमा भुक्तानी प्राप्त नभए विज्ञापन बोर्डमा उजुरी गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८